अहिले खर्च होइन, कोभिड -१९ को चिन्ता गरौं... पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८०१६२६०२६,
९८०१६२६०२५
०४१५९०१०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २३ •अंक २३ •२०७७ साल जेठ २९ गते बिहिवार (11 June, Thursday, 2020) •पृष्ठ ८ •मूल्य रु. ५।-

# प्रदेश २ मा संक्रमितको संख्या १५७३

**टुडे समाचारदाता**

जनकपुरधाम। प्रदेश २ मा पछिल्लो २४ घण्टामा १ सय ९६ जनामा कोरोना भाइरस( कोभिड-१९)को संक्रमण देखिएकोछ । समाजिक विकास मन्त्रालयले बुधवार जनाए अनुसार सप्तरी जिल्लामा ६ जना, सिरहा जिल्लामा १३ जना, धनुषा जिल्लामा २२ जना, महोत्तरी जिल्लामा ४४ जना, सर्लाही जिल्लामा ४३ जना र रौतहट जिल्लामा ६८ जना ब्यक्ति संक्रमित देखिएका छन्। योसँगै प्रदेश २ मा कुल संक्रमितको संख्या १ हजार ५ सय ७३ पुगेको छ।

सिराहाको सिराहा नगरपालिका स्थित सत्य नारायण सूर्य नारायाण मरबैता यादव क्याम्पसको क्वारेन्टाइनमा रहेका ११ जना, बरियारपट्टी माध्यमिक विद्यालयमा १ जना र सुखीपुरमा १ जना पुरुषमा कोरोना संक्रमण देखापरेको छ।

महोत्तरीको जलेश्वर नगरपालिकामा सञ्चालित क्वारेन्टाईनमा रहेका ६ जना महिला र २५ जना पुरुषहरुमा कोरोना संक्रमण पुष्टि भएको छ। त्यसैगरी महोत्तरी जिल्लाको मनरा सिसवा नगरपालिकामा सञ्चालित क्वारेन्टाईनमा रहेका १३ जना पुरुष संक्रमित देखिएका छन्।

सर्लाहीको रामनगर गाउँपालिकाको स्थानीय क्वारेन्टाईनमा रहेका १० जना, कविलासी गाउँपालिकाको क्वारेन्टाईनमा रहेका ५ जना, चन्द्रनगरगाउँपालिकाको स्थानीय क्वारेन्टाईनमा रहेका १० जना, कौडेना गाउँपालिकाको स्थानीय क्वारेन्टाईनमा रहेका २ जना र हरिवन नगरपालिकामा १६ जनामा कोरोना संक्रमणको पुष्टि भएको छ।

रौतहटको घिउरा, गौर, राजपुर, टिकुलिया, र परोहा लगजायतका स्थानमा कुल ६८ जनामा कोरोना संक्रमित देखिएका छन् । संक्रमण प्रमाणित भएका सप्तरीको गजेन्द्रनारायण सिंह सगरमाथा अस्पताल अन्तर्गत रहेको राजविराज स्थित साईकृष्ण कोभिड १९ अस्पतालको आइसोलेसन कक्षमा ७ महिला र ९३ जना पुरुषगरी कुल १०० जना कोरोना संक्रमितहरुको उपचार भइरहेको छ।

सिराहाको सिराहा अस्पताल अन्तर्गत रहेको महेन्द्र गेनाई कोभिड विशेष अस्पतालको आइसोलसन कक्षमा १६ जना पुरुष र २ जना महिला गरि कुल १८ कोरोना संक्रमितहरुको उपचार भइरहेको छ । सिराहा जिल्लाकै सिराहा नगरपालिका स्थित सिराहा कोभिड विशेष अस्पतालको आइसोलेसन कक्षमा २२ जना कोरोना संक्रमित पुरुषहरुको उपचार भइरहेको छ। धनुषा जिल्ला स्थित प्रादेशिक अस्पताल जनकपुर अन्तर्गत लक्ष्मीनिया गाउँपालिकामा रहेको वि.पि. मेमोरियल पोलिटेक्निकल ईन्टिच्यूटको आइसोलेसन कक्षमा १ जना महिला र ४२ जना पुरुषहरु गरी कुल ४३ जना कोरोना संक्रमितहरुको उपचार भइरहेको छ।

महोत्तरी जिल्लाको जलेश्वर अस्पताल अन्तर्गतको कोभिड विशेष अस्पतालको आइसोलसन कक्षमा ३ जना महिला र ८५ जना पुरुषगरी कुल ८८ जना कोरोना संक्रमितहरुको उपचार भइरहेको छ।

सर्लाही जिल्ला अस्पताल अन्तर्गत मंलगवामा रहेको अल्पामाई रामनारायण यादव नर्सिङ्ग कलेजको आइसोलेसन कक्षमा कोरोना संक्रमित १ सय ३३ जना पुरुष र ९ जना महिलागरी कुल १ सय ४२ जना कोरोना संक्रमितहरुको उपचार भइरहेको छ । सर्लाही जिल्लाकै फत्रहदवा स्वास्थ्य चौकीको आइसोलेसन कक्षमा १ जना महिला र ८ जना पुरुषहरु गरी कुल ९ जना कोरोना संक्रमितहरुको उपचार भइरहेको छ।

रौतहटको चपुर अस्पतालमा २ जना महिला र २८ जना पुरुष गरी ३० जना कोरोना संक्रमितहरुको उपचार भइरहेको छ। रौतहट जिल्ला गौर नगरपालिका स्थित गौर नर्सिङ्ग इन्टिच्यूटको आइसोलेसन कक्षमा २ महिला र १४ पुरुषगरी कुल १६ जना, रौतहट जिल्लाकै राजपुर फत्रहदवामा रहेको प्राथमिक स्वास्थ्य केन्द्रको आइसोलेसन कक्षमा २५ जना पुरुष र देवाही गोनाही नगरपालिका स्थित जय किसन उच्च माध्यमिक विद्यालयको आइसोलेसनमा २ जना महिला र ९५ जना पुरुषगरी कुल ९७ जना कोरोना संक्रमितहरुको उपचार भईरहेको छ। रौतहड जिल्लाकै गरुडा नगरपालिकामा रहेको नेपाल प्रहरी विद्यालयमा ७० पुरुष र ४ महिलागरी कुल ७४ जना कोरोना संक्रमितहरुको उपचार भइरहेको छ।

बारा जिल्लाको कलैया अस्पतालको आइसोलेसन कक्षमा ३ जना महिला २२ जना पुरुषगरी कुल २५ जना कोरोना संक्रमितहरुको उपचार भइरहेको छ। पर्सा जिल्लामा नारायणी अस्पताल अन्तर्गत रहेको कोभिड १९ बिषेश अस्पताल गण्डक अस्पतालमा ३२ जना पुरुष र ७ जना महिलागरी कुल ३९ जना कोरोना संक्रमितहरुको उपचार भइरहेको छ।

## २११ जना निको भएर घर फर्के

पछिल्लो चौबीस घण्टामा प्रदेशका ३६ जना कोरोना संक्रमितहरु उपचार पश्चात डिस्चार्ज भएका छन् ।यो समेत कोरोना जितेर घर फर्केनेहरुको संख्या प्रदेश २ मा २ सय ९९ पुगेकोछ ।प्रदेशमा कोरोना भाइरसको संक्रमण क्वारेन्टाइनहरुबाट बढेको बताइन्छ।

# संशोधन प्रस्ताव फिर्ता लिन गिरिलाई निर्देशन

**टुडे समाचारदाता**

काठमाण्डु ।अंगीकृत नागरिकता सम्बन्धी विषयमा संसदमा दिएको अभिव्यक्तिबाट विवादित बनेकी समाजवादी पार्टीकी सांसद सरिता गिरिले संविधान संशोधन सम्बन्धी व्यक्तिगत प्रस्ताव दर्ता गरेको कारण पार्टीमा समेत विवादित बनेकी छन्।

संविधान संशोधनका लागि समाजवादी पार्टी र राष्ट्रिय जनता पार्टी (राजपा) नेपालले संयुक्त रुपमा संसदमा प्रस्ताव दर्ता गरेका छन् ।तर बुधवार समाजवादी पार्टीकी सांसद सरिता गिरिले व्यक्तिगत रुपमा दर्ता संविधान संशोधन प्रस्ताव दर्ता गरेकी छन्।

लिम्पियाधुरासहितको नेपालको नयाँ नक्सा समेटेर निशान छाप संशोधन गर्न सरकारले पेश गरेको संविधान संशोधन विधेयक खारेज गर्न माग गर्दै गिरिले



संसदमा अर्को संशोधन प्रस्ताव दर्ता गराएकी छन्। स्रोत र प्रमाण नपुगेको भन्दै उनले प्रस्ताव खारेज गर्न माग गरेकी छन्।

पार्टीको स्वीकृत बेगर दर्ता गरिएको संविधान संशोधन प्रस्ताव फिर्ता लिन सांसद गिरिलाई पार्टीले निर्देशन दिएको छ।

'सांसद गिरिले पार्टीको नीति विपरित व्यक्तिगत रुपमा संशोधन प्रस्ताव दर्ता गरेकी छन्' पार्टीका प्रमुख सचेतक उमाशंकर अरगडियाले भने, सांसद गिरिलाई प्रस्ताव फिर्ता लिन पत्र पठाइएकोछ ।उनलाई तत्काल संशोधन फिर्ता लिन पठाइएको पत्र उहाँले बुझिसक्नु भएको प्रमुख सचेत अरगडियाले जनाए ।गिरिले प्रस्ताव फिर्ता नलिए कारबाही गर्ने चेतावनी उनले दिएका छन्।

गिरिले दर्ता गरेकी प्रस्तावको तीव्र विरोध भइरहेको बेला पार्टीले उनलाई संशोधन फिर्ता लिन निर्देशन दिएकोछ।

संविधान संशोधनसम्बन्धी विषयमा मंगलवारको संसद बैठकमा सबै दलले सैद्धान्तिक सहमति जनाइसकेका छन् ।संविधान संशोधनको प्रस्तावमा संसद सर्वसम्मत देखिएकोछ ।तर सांसद गिरिले दर्ता गरेकी प्रस्तावले संसद बाहिरको वातावरणलाई समेत तरंगित गरेकोछ।

'सांसद गिरिले दर्ता गरेकी संशोधन प्रस्ताव फिर्ता लिनुहुन्छ' प्रमुख सचेत अरगडियाले भने, उहाँले प्रस्ताव फिर्ता नलिए कार्वाही गरिनेछ।

सांसद गिरि पहिलोपटक विवादमा भने परेकी होइन् ।उनी मन्त्रीबाट समेत विवादित अभिव्यक्तिकै कारण बर्खास्त भएकी थिइन् ।खरोस्वाभावकी गिरि फरक अभिव्यक्तिको कारण बढी चर्चामा रहने गरेकी छन्।




पकाहा मैनपुर गाउँपालिका
पकाहा मैनपुर, पर्सा, प्रदेश नं. २

# एम्बुलेन्सबाट गाँजा तस्करी

**अनिल तिवारी**



वीरगञ्ज।लकडाउनमा निवधि सञ्चालनमा रहेको एम्बुलेन्सबाट अबैध धन्धाहरु भइरहेको बेला प्रहरीले एम्बुलेन्सबाट गाँजा बरामद गरेकोछ।

एम्बुलेन्सबाट तस्करीको ५६ किलो गाँजा सहित तीनजनालाई जिल्ला प्रहरी कार्यालिय पर्साको प्रहरी टोलीले पक्राउ गरेकोछ।

पर्सा प्रहरीले बुधवार गरेको पत्रकार सम्मेलनमा लागुऔषध गाँजा सहित पक्राउ परेकाहरुलाई सार्वजनिक गरेको हो।

पक्राउ पर्नेमा जिल्ला पर्सा बहुदरमाई नगरपालीका वडा नम्बर ५ भौराटार बस्ने ३२ वर्षिय हरिशंकर महतो, जिल्ला सर्लाही लालबन्दी नगरपालीका वडा नम्बर १५ बस्ने २३ वर्षिय जित बहादुर वाइवा र २२ वर्षिय दिल बहादुर वाईवा रहेका छन।

विषेश सुचनाको आधारमा जिल्ला प्रहरी कार्यालिय पर्साबाट खटिएको प्रहरी टोलीले बहुदरमाई नगरपालीकाको भौराटारबाट ना ४ च ८५९९ नम्बरको अल्पाईन मेडिकल कलेज टिचिंग हस्पिटल सिमरा बाराको एम्बुलेन्सले बोकेको ५६ किलो गाँजा सहित तीनैजनालाई पक्राउ गरिएको जिल्ला प्रहरी पर्साका प्रवक्ता डीएसपी गौतम थापाले जनाए।

कोरोना भाइरसको संक्रमण बढिरहेको बेला रोगीलाई बोक्न चर्को भाडा लिने गरेको आरोप लाग्दै आएको एम्बुलेन्स अबैध धन्धामा अत्यधिक प्रयोग हुन थालेकोछ।

गाँजा लगायतका प्रतिबन्धित समानहरु ओसार पसारमा एम्बुलेन्सको ब्यापक प्रयोग भइरहेको देखिन्छ ।रोगीलाई अस्पताल सम्म पुऱ्याउन कर्फ्यु लागु भएको बेला समेत सञ्चालनमा रहने एम्बुलेन्सको प्रयोग लागुऔषध ओसारपसार र तस्करीमा हुन थालेकोछ।

प्रहरीले एम्बुलेन्समाथि निगरानी बढाएकोछ ।रोगी बोकेको एम्बुलेन्सलाई समेत जाँच गर्नुपर्ने बाध्यता भएको प्रहरीले जनाएकोछ ।एम्बुलेन्सले नक्कली रोगी राखेर अबैध धन्धाहरु गरिरहेकाले निगरानी बढाइएको डीएसपी थापाले बताए।

लकडाउन कडाईका साथ लागु भएको बेला एम्बुलेन्सले चर्को भाडा लिएर मानिस ओसार पसार गरेका थिए ।एम्बुलेन्स सञ्चालनका लागि सरकारले कर र भन्सारमा सहुलियतदिदै आएकोछ।



'जनमन सँ जनजन धरि'
रेडियो टुडे
९१ मेगाहर्ज
रेडियो टुडे ९१ मेगाहर्ज
समाचार आ मनोरञ्जन लक
निरन्तर १८ घण्टा
अहाँक संग
सुझाव आ प्रतिकृयाकऽलेल
०४१-५९०१०१
भिन्सर ५ बजे सँ राति ११ बजे धरि

# पिसिआर रिपोर्ट नेगेटिभ आएका व्यक्ति डिस्चार्ज

टुडे समाचारदाता

मलगंवा । सलार्हीको गोडैता नगरपालिकामा रहेको क्वारेन्टाइनमा रहेका १ सय ५१ जना ब्यक्तिहरुको कोभिड-१९ को पिसिआर रिपोर्ट नेगेटिभ आएपछि डिस्चार्ज गरिएको छ ।

नेपाल भारत सिमा नजिक पर्ने गोडैता नगरपालिकाका ९ वटा क्वारेन्टाइनमा रहेका २०५ जना ब्यक्तिहरु मध्ये १५१ जनाको कोरोना भाइरस(कोभिड-१९) परिक्षण रिपोर्ट नेगेटिभ आएपछि एकहप्ता होम क्वारेन्टाइनमा बस्न निर्देशन दिएर उनीहरूलाई सामुहिक रुपमा अबिर लगाएर घर पठाइएको स्वास्थ शाखा प्रमुख प्रमोद पंडितले बताए । घर पठाइएका सबैजनाको अभिभावक सँग एकहप्ता घरमै बस्ने सर्तनामा मा हस्ताक्षर गराएर जिम्मा लगाएको स्वास्थ्य शाखा प्रमुख पंडितले जनकपुर टुडेलाई बताए।



उनीहरूको गएको जेष्ठ १६ गते स्वाब संकलन गरि पिसिआर टेस्टका लागि राष्ट्रिय जनस्वास्थ प्रयोगशाला, टेकु काठमाण्डु पठाइएको थियो ।

# 'रुघाखोकी सबै कोरोना होइन, कोरोना लाग्दैमा मरिँदैन'

काठमाण्डु । 'रुघाखोकी सबै कोरोना होइन, कोरोना लाग्दैमा मरिँदैन', मध्यपुरथिमि नगरपालिकाले आम नागरिकका लागि सचेतना अपनाउन जारी गरेको यो सूचना अरनिको राजमार्गको आकाशे पुलमा देख्न पाइन्छ । धेरैको नजर आकाशे पुलमा टाँगिएको यो ब्यानरमा ठोकिन्छ तर यसको अर्थ कतिले बुझे होलान् वा कतिले वास्ते गरेनन् ।

कोरोनादेखि आत्तिनु हुँदैन भन्ने सन्देश प्रवाह गर्न यस्ता प्रचार सामग्री राखेको बताउँदै मध्यपुरथिमि नगरपालिकाका प्रमुख मदनसुन्दर श्रेष्ठ भन्नुहुन्छ, "रुघाखोकी लाग्दैमा धेरै मानिस आत्तिने गरेका छन्, कोरोना पो भयो कि भनेर अस्पताल धाउने गरेको पाइन्छ । सामान्य कुरामा पनि यसरी अस्पताल धाउँदा रुघाखोकी लागेको मानिसलाई पनि सङ्क्रमण हुने जोखिम बढ्छ, त्यसैले यस प्रकारको सूचना प्रवाह गरेका हौँ ।

रुघाखोकी लाग्दैमा कोरोना हुँदैन है भन्ने सन्देश सबैतिर फैलाउन नसक्दा मानसिक तनाव बढेको र घरपरिवारदेखि टोल समाजमा समेत विभेद हुने गरेको पछिल्ला धेरै घटना आएका छन् । भक्तपुर अस्पतालमा चौतारा साँगाचोकगढीँ नगरपालिका घर भई भक्तपुरको सल्लाघारीमा बस्ने राधिका खड्का रुघाखोकी लागेपछि घरभेटीदेखि समाजमा समेत विभेदपूर्ण व्यवहार सहनु परेको बताउनुहुन्छ ।

रुघाखोकी लाग्दैमा घरभेटीले कोरोना परीक्षण गरेर रिपोर्ट ल्याउन भनेपछि बाध्य भएर परीक्षणका लागि अस्पताल आएको उहाँ बताउनुहुन्छ । खड्का भन्नुहुन्छ, अस्पतालले सामान्य रुघा भनेर औषधि दियो, घरभेटी कोरोना परीक्षण गर भन्छन्, आफ्नै घरका परिवार पनि डराएका छन्, बाहिर निस्कदा छिमेकी भाग्छन्, रुघा निको नभएसम्म तनाबले नै बाँच्ने गाह्रो भो ।

भक्तपुर अस्पतालको मेडिकल सुपरिटेन्डन्ट डा सुमित्रा गौतम कोरोनाको त्रासले मानिसमा मनोरोग बढ्ने खतरा बढ्दै गएको बताउनुहुन्छ। उहाँका अनुसार मानिसमा जनचेतनाको कमीले रुघाखोकी लाग्नेबित्तिकै कोरोना भइहाल्यो भनेर आत्तिने प्रवृत्ति गलत भएको बताउनुहुन्छ। डा गौतम भन्नुहुन्छ, "रुघाखोकी लाग्दैमा कोरोना हुँदैन, कोरोना लागिहाले पनि मरिहालिन्छ भन्ने हैन, कोरोना सङ्क्रमित धेरै निको भएर घर फर्किएको उदाहरण हाम्रो देशमा मात्रै नभई विश्व मै हेर्न सक्छौँ ।

**भक्तपुर अस्पतालको मेडिकल सुपरिटेन्डन्ट डा सुमित्रा गौतम कोरोनाको त्रासले मानिसमा मनोरोग बढ्ने खतरा बढ्दै गएको बताउनुहुन्छ । उहाँका अनुसार मानिसमा जनचेतनाको कमीले रुघाखोकी लाग्नेबित्तिकै कोरोना भइहाल्यो भनेर आत्तिनै प्रवृत्ति गलत भएको बताउनुहुन्छ । डा गौतम भन्नुहुन्छ, "रुघाखोकी लाग्दैमा कोरोना हुँदैन, कोरोना लागिहाले पनि मरिहालिन्छ भन्ने हैन, कोरोना सक्रमित धेरै निको भएर घर फर्किएको उदाहरण हाम्रो देशमा मात्रै नभई विश्व मै हेर्न सक्छौँ ।"**

सामान्य मौसमी रुघा लागे पनि आत्तिदै अस्तालमा कोरोना परीक्षण गर्न आउने गरेको सुनाउँदै डा गौतम भन्नुहुन्छ, "भक्तपुर अस्पतालमा सामान्य रुघाखोकी लागेका मलाई कोरोना भयो कि परीक्षण गर्नुपर्‍यो भन्दै आउनुहुन्छ, अवस्था हेरेर शङ्का लागेकालाई स्वाब लिएर परीक्षणमा पठाउँछौँ, अन्यलाई रुघाको औषधि र मनोपरामर्श दिएर पठाउँछौँ, अहिलेको समयमा मनोपरामर्श अत्यावश्यक छ ।

नेपालकोरिया नगरपालिकामैत्री अस्पतालका मेडिकल डाइरेक्टर डा डिके रोशन रुघाखोकी लाग्दैमा कोरोना नहुने र कोरोना लाग्दैमा मान्छे मरिहाल्छ भन्ने भ्रम पाल्न नहुने बताउनुहुन्छ । आत्मबलले नै कोरोना जितेको धेरै उदाहरण रहेको बताउँदै डा रोशन भन्नुहुन्छ, रुघाखोकी लाग्दैमा मानिस आत्तिँदै अस्पताल जाने, मानसिक तनाब बढी लिने गर्छन्, रुघाखोकी लाग्दैमा कोरोना भइहाल्छ र कोरोना लाग्ने बित्तिकै मरिहालिन्छ भन्ने मानसिकतालाई हटाउनुपर्छ । सबै रुघाखोकी कोरोना नहुने र संयमित भएर सुरक्षा अपनाउँदै आत्मबल बलियो बनाउन सके कोरोनालाई जित्न सकिने उहाँको भनाई छ ।

सबै रुघाखोकी कोरोना नहुने बताउनुहुन्छ भक्तपुर अस्पतालका वरिष्ठ चिकित्सक डा सुनिल ढुङ्गेल। अहिले मौसमी रुघाखोकी र विभिन्न एलर्जीको रुघाखोकी लाग्ने समय भएकाले आत्तिहाल्नुपर्ने अवस्था नरहेको उहाको भनाइ छ । एउटा स्वास्थ्य र रोग प्रतिरोधात्मक शक्ति बलियो भएको मानिसले रुघाखोकीलाई जितेजस्तै कोरोनालाई पनि जित्न सक्ने उहाँ बताउनुहुन्छ । दीर्घरोगी, शरीरमा पत्ता नलागेका रोग भएका, प्रतिरोधात्मक शक्ति कम भएकालाई कोरोनाले अलि समस्या पार्छ ।

डा ढुङ्गेल भन्नुहुन्छ, अहिलेको अवस्थालाई हेर्दा कोरोना सङ्क्रमण भएका ८५ देखि ९० प्रतिशत सामान्य अवस्थामा रहेका छन्, बाँकी १० प्रतिशतमा पनि करिब सात प्रतिशत निको हुन्छन्, जो दीर्घरोगी, शरीरमा कुनै पत्ता नलागेका रोग भएका, प्रतिरोधात्मक शक्ति निकै कम भएकाको मृत्यु हुने गरेको छ । आफ्नै करेसाबारीमा फलेका तरकारी, घरमा पकाएको सन्तुलित खानेकुरा खाने र जङ्कफुड नखाने गरेमा रोग प्रतिरोधात्मक क्षमतामा वृद्धि हुने उहाँको भनाइ छ ।

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका अनुसार रुघाखोकी लाग्नु, १०४ डिग्रीभन्दा बढी ज्वरो आउनु, स्वासप्रश्वासमा अत्यधिक समस्या हुनु, घाँटी, टाउको तथा जिउ दुख्नु, निमोनिया हुनुजस्ता लक्षण कोरोनामा देखिन्छ । त्यस्ता बिरामीको नजिक नजाने, नियमित साबुनपानीले हात धुने, खोक्दा र हाच्छ्युँ गर्दा नाक तथा मुख छोप्ने, जङ्गली तथा घरेलु पशुपंक्षीसँग सिधै सम्पर्क नगर्ने, अण्डा तथा मासु राम्ररी पकाएर खाने, लक्षण देखिए अस्पताल जाने गरेमा कोरोनाबाट बच्न सकिने चिकित्सकको सुझाव छ ।रासस

# होटल र पर्यटन व्यवसाय सञ्चालनको माग

रञ्जन यादव

जीतपुर । होटल तथा पर्यटन व्यवसायी संघ बाराले सरकारसँग होटल तथा पर्यटन ब्यवसाय सञ्चालनको माग गरेको छ। एक बिज्ञप्ति जारी गर्दै होटल तथा पर्यटन ब्यवसायी संघ बाराका अध्यक्ष मोहन शर्मा लामिछानेले बिभिन्न किसीमका होटल तथा पर्यटन ब्यवसायलाई बिशेष कार्यबिधि तथा सुरक्षाको मापदण्ड तयार गरी सञ्चालनको ब्यवस्था मिलाउन माग गरेका हुन् ।

करिब तीन महिनाको लकडाउनले बिभिन्न प्रकारका होटल तथा पर्यटन क्षेत्रमा गरिएको करोडौंको लगानी र प्रत्यक्ष रुपमा रोजगारी पाएका हजारौं मानिस बेरोजगार भएको बिज्ञप्तिमा भनिएको छ। जीवनयापनको निम्ति बैकल्पिक उपायको खोजी नगर्ने हो भने अवस्था भन्न भयाभव हुँदै जाने कल्पना गरिएको छ।

ब्यवसायमा लगानी गरिएको ऋणको बैक ब्याज र घरभाडा छुटको माग सरकारसँग गरिएको छ ।

होटल तथा पर्यटन ब्यवसायीहरुलाई बचाई राख्न अनुदान तथा किस्तामा सहुलीयत प्रदान गर्न निती तथा कार्यत्रम ल्याउन अध्यक्ष लामिछानेले सरकारसँग माग गरेका छन् । बारामा पर्यटन स्तरीय होटल करिब एक सय ,मझौला २ सय र साना चिया पसल तथा रेस्टुरेन्ट २ सय रहेका छन् ।

# सिम्रौनगढ नपामा थप ८ जना पोजेटिभ

टुडे समाचारदाता

कलैया । बाराको सिम्रौनगढ नगरपालिकामा थप ८ जनामा कोरोना भाईरस संक्रमण पुष्टि भएको छ । भारतको विभिन्न स्थानबाट फर्किएर कंकालिनी माध्यमिक बिधालय र ने.रा.माबि. सानो इटवालको क्वारेन्टाइनमा रहेका उनीहरुमा संक्रमण पुष्टि भएको जिल्ला जनस्वास्थ्य कार्यालय बाराले जनाएको छ ।

संक्रमित हुनेहरुमा पालिकको वडा नम्बर २ का ४० वर्षीय पुरुष, ३ जुलाहि टोलका १२ वर्षिय पुरुष, ५ कनकपुरका २७ र ४५ वर्षीय पुरुष छन् । यस्तै, वडा नम्बर ६ का २३ र ३८ वर्षीय पुरुष, ७ पर्साटोलका १९ र २७ वर्षीय पुरुष रहेका जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता गौतम मिश्रले जानकारी दिए ।

जेठ २३ गते स्वाब परिक्षणका लागि नारायणी अस्पतालको प्रयोगशालामा पठाईएकोमा बुधबार रिपोर्ट पोजेटिभ आएको प्रवक्ता गौतम मिश्रले जानकारी दिए ।

योसँगै जिल्लामा संक्रमितको संख्या ९० पुगेको छ। संक्रमितमध्ये ४६ जना उपचार पश्चात निको भएका छन् भने १ जनाको मृत्यु भएको कलैया अस्पताले जनाएको छ।

# पसल खोल्न आएका व्यवसायीलाई प्रहरीले रोक्यो

काठमाण्डु । कोभिड-१९ सङ्क्रमण रोक्न सरकारले जारी गरेको बन्दाबन्दीको आदेशको बेवास्ता गर्दै पसल सञ्चालन गर्न खोज्ने व्यवसायीलाई प्रहरीले रोकेको छ । काठमाण्डुको न्यूर डिलगायत क्षेत्रमा बन्दाबन्दीका कारण आफ्नो रोजीरोटी नै गुम्न लागेको भन्दै पसल सञ्चालन गर्न आएका व्यवसायीलाई आज प्रहरीले खोल्न दिएन ।

सङ्क्रामक रोग नियन्त्रण ऐन २०२० अनुसार नियम उल्लङ्घन गरेकाले पसल सञ्चालन गर्न रोकेको महानगरीय प्रहरी कार्यालय रानीपोखरीका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक सुशीलकुमार यादवले जानकारी दिनुभयो । उहाँले सरकारी आदेश नआएसम्म तोकिएकाबाहेक कुनै पनि गतिविधि सञ्चालन गर्न नदिइने बताउनुभयो । बिहान केही व्यक्ति पसल खोल्न भनेर आउनुभएको थियो, हामीले रोक्यौं, सरकारले जारी गरेको आदेशको पूर्ण पालनामा प्रहरी कटिबद्ध छ, बन्दाबन्दी उल्लङ्घन हुन नदिन प्रहरी सचेत छ, यादवले भन्नुभयो ।

सरकारले कोभिड-१९ सङ्क्रमण रोक्न गत चैत ११ गतेबाट बन्दाबन्दीको आदेश जारी गरेको थियो । पटक पटक समय थप्दै यही जेठ ३२ गतेसम्मका लागि बन्दाबन्दी कायमै छ । यस बीचमा त्यसको ढाँचा परिवर्तन गर्न सरकारले गृहकार्य गरिरहेको छ । क्रमैसँग बन्दाबन्दीलाई खुकुलो पार्दै लैजाने विषयमा समेत छलफल जारी रहेका बेला जेठ २१ गते साना व्यवसायीले एकतर्फीरुपमा पसल खोल्ने निर्णय गरेका थिए । निर्णयको केही दिन पसल सञ्चालन भए पनि मङ्गलबारदेखि भने प्रहरीले पसल सञ्चालनमा रोक लगाउँदै आएको छ।

मङ्गलबार काठमाण्डुको बालुवाटार तथा न्यूरोड क्षेत्रमा व्यवसायीले प्रदर्शनसमेत गरेका थिए । बालुवाटारमा प्रदर्शन गर्न आएका युवाले कोभिड-१९ को परीक्षणको दायरा बढाउन, क्वारेन्टिन व्यवस्थित गर्नसमेत माग गरेका थिए। उनीहरु प्रदर्शनमा उत्रिएपछि प्रहरीले पानीको फोहरा हानेर भीड नियन्त्रणमा लिएको थियो । व्यवसायीले भने पसल खोल्न पाउनुपर्ने माग कायमै राखेका छन्।

**सरकारले कोभिड-१९ सङ्क्रमण रोक्न गत चैत ११ गतेबाट बन्दाबन्दीको आदेश जारी गरेको थियो । पटक पटक समय थप्दै यही जेठ ३२ गतेसम्मका लागि बन्दाबन्दी कायमै छ । यस बीचमा त्यसको ढाँचा परिवर्तन गर्न सरकारले गृहकार्य गरिरहेको छ । क्रमैसँग बन्दाबन्दीलाई खुकुलो पार्दै लैजाने विषयमा समेत छलफल जारी रहेका बेला जेठ २१ गते साना व्यवसायीले एकतर्फीरुपमा पसल खोल्ने निर्णय गरेका थिए । निर्णयको केही दिन पसल सञ्चालन भए पनि मङ्गलबारदेखि भने प्रहरीले पसल सञ्चालनमा रोक लगाउँदै आएको छ ।**

**बन्दाबन्दीमा पनि चहलपहल बढ्दो**

जारी बन्दाबन्दीमा पछिल्लो समयमा काठमाण्डु उपत्यकालगायत मुलुकभर नै उल्लङ्घन गर्ने क्रम बढेको छ । बन्दाबन्दीको वास्ता नगरी जथाभावी सडकमा निस्कने, पास नै नबनाई आवातजावत गर्ने क्रम बढेको पाइएको छ । बुधबार मात्रै उपत्यकाको विभिन्न क्षेत्रमा स्थलगत अवलोकनमा निस्किँदा मानिसको चहलपहल बाक्लो थियो भने सवारीको चापमा समेत वृद्धि भएको पाइएको छ ।

बन्दाबन्दीको अवधिमा सवारी पास वितरणमा समेत वृद्धि भएकाले पनि सवारी बाक्लिएको प्रहरीले जनाएको छ । उपत्यकाको मुख्य सडकमा प्रहरीको बाक्लो उपस्थिति रहेको तर भित्री सडकमा कम उपस्थिति हुँदा सर्वसाधारण आफूखुशी सडकमा निस्किएका छन् । भित्री सडक किनाराका पसल खुलेको देखिन्छ ।

महानगरीय ट्राफिक प्रहरी महाशाखाका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक भीमप्रसाद ढकाल ट्राफिक प्रहरीले पास बिनाका कुनै पनि सवारी भने सञ्चालन गर्न नदिएको दाबी गर्नुहुन्छ । मङ्गलबारदेखि भने जाँचमा थप कडाइ गरिएको उहाँले जानकारी दिनुभयो । मङ्गलबार अहिलेसम्म के सबैभन्दा बढी चार हजार सवारीलाई नियन्त्रणमा लिएर कारवाही गरिएको उहाँले जानकारी दिनुभयो । महानगरीय प्रहरी कार्यालय रानीपोखरीका अनुसार बुधबार मात्रै बन्दाबन्दी उल्लङ्घन गर्ने दुई हजार ४०० सवारी नियन्त्रणमा लिइसकिएको छ ।रासस

# पर्यटन बोर्ड खारेज गर्न निर्देशन

सुर्खेत । कर्णाली प्रदेशसभाको विधायन तथा प्रदेश मामिला समितिले प्रदेश पर्यटन बोर्ड (गठन) आदेश २०७६ खारेज गर्न सरकारलाई निर्देशन दिएको छ ।

समितिको बुधबार बसेको बैठकले प्रदेश मन्त्रिपरिषद् बैठकबाट संवैधानिक एवं कानूनी दायित्यबिनै बोर्ड गठन गरिएको निष्कर्ष निकाल्दै खारेज गर्न निर्देशन दिएको हो ।

समितिका अध्यक्ष पदम रोकायाले बोर्ड (गठन) आदेश संविधान र प्रदेशसभाद्वारा पारित कुनै ऐनद्वारा सिर्जित कानूनी अधिकारअन्तर्गत नदेखिएकाले खारेज गर्न निर्देशन दिएको बताउनुभयो । बैठकको प्रारम्भमै समिति सदस्यले उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री नन्दसिं बुढालगायतका अधिकारीसँग बोर्ड कुन कानूनमा टेकेर ल्याइएको भनेर प्रश्न गरेका थिए ।

कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १६५ अन्तर्गत के-कति ऐन प्रत्यायोजित अधिकार व्यवस्थापन र कार्यविधि एवं मापदण्ड संविधान, कानून, विधिको शासन, विधायिका (प्रदेशसभा), कार्यपालिका र न्यायपालिकाबीचको शक्ति सन्तुलनको स्थापित सिद्धान्तअनुसार प्रदेशसभा र यसका समितिले प्रदेश सरकार र यसका निकायलाई आवश्यक निर्देशन दिनसक्ने संवैधानिक र कानूनी अधिकार समितिमा रहेको छ ।

समितिले कर्णाली पर्यटन बोर्ड (गठन) आदेश कुनै पनि ऐनद्वारा सिर्जित कानूनी दायित्व/अधिकारअन्तर्गत गठन नभएको निष्कर्ष निकालेको हो । समितिका सदस्य धर्मराज रेग्मीले स्थायी संरचनाको गठन र प्रदेश सरकारलाई आर्थिक दायित्व पर्न जाने सङ्गठन/संरचना निर्माण गर्दा मन्त्रालयलाई कुनै कानूनी अधिकार प्राप्त नभएको बताउनुभयो ।

बैठकमा सरकारका तर्फबाट मन्त्री बुढाका साथै मन्त्रालयका सचिव डा कृष्णप्रसाद आचार्य, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका कानून सचिव बलसागर गिरी उपस्थित हुनुहुन्थ्यो । मन्त्री बुढाले कर्णाली प्रदेश सरकारको नीति तथा कार्यक्रमबमोजिम गठन गरिएको प्रष्टीकरण दिनुभयो ।

प्रदेशसभामा पेश गरिएको कर्णाली प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ प्रदेशसभामा विचाराधीन रहेको तथा उक्त विधेयकमा बोर्ड गठनसम्बन्धी प्रस्तावित व्यवस्था पनि रहेको बताउनुभयो । समितिले सो विधेयक सभाबाट पारित नहुञ्जेल यसप्रकारका संरचना गठन गर्ने, कार्यकारी अधिकृत नियुक्त गर्नेजस्ता विषयमा मन्त्रालयले कुनै कानून/आदेश गर्ने हाम्रो प्रचलित कानून व्यवस्था नरहेको बताएको छ ।

बैठकपछि निर्णय सुनाउँदै समितिका अध्यक्ष रोकायाले भन्नुभयो, "आजकै मितिबाट कर्णाली प्रदेश पर्यटन बोर्डको नाममा कुनै पनि कामकारवाही नगर्नु, नगराउनु, कुनै आर्थिक एवं अन्य दायित्व भए सो समेत प्रचलित कानूनबमोजिम मन्त्रालय/प्रदेश सरकार र प्रदेश सञ्चित कोषमा फर्काउन प्रदेश सरकार उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयका नाममा समितिको बैठकले निर्देश गर्दछ ।

प्रदेश सरकारले २०७६ माघमा प्रदेशका सबै जिल्लाबाट प्रतिनिधित्व हुने गरी ११ सदस्यीय बोर्ड गठन गरेको थियो । बोर्डमा बबिकिशोर गुरुङ (डोल्पा), ललितजङ्ग महत (जुम्ला), दानसिंह कार्की (मुगु), वेदबहादुर शाही (जाजरकोट), मर्मजङ्ग बम (कालीकोट) र लैकु लामा (हुम्ला) हुनुहुन्छ । त्यस्तै विष्णुप्रसाद शर्मा (देलेख), पहलसिंह घर्तीमगर रुकुमपश्चिम, लोकबहादुर हमाल (हुम्ला), चिन्तामणि शर्मा (सुर्खेत) र ईश्वरी बुढाथोकी (सल्यान) लाई सदस्यमा नियुक्ति गरिएको थियो भने कार्यकारी निर्देशक नियुक्तिको छनोट प्रत्रिया शुरु गरेको थियो ।रासस

## तपाईको आज

आचार्य पण्डित : श्री सन्तोष कु. पाण्डेय

| | |
|---|---|
| मेष | : अवसर प्राप्त । |
| बृष | : बौद्धिक क्षमता । |
| मिथुन | : भ्रमण अवसर हुने । |
| कर्कट | : प्रेम प्रसंग, मित्र सुख । |
| सिंह | : वाद विवादबाट बच्नु । |
| कन्या | : पारिवाहिक सुख । |
| तुला | : सुख समृद्धि हुने । |
| बृश्चिक | : नयाँ कार्य हुने । |
| धनु | : शिक्षामा उन्नति । |
| मकर | : प्रतिभा सम्पन्नता । |
| कुम्भ | : पुरस्कार प्राप्त लाभ । |
| मीन | : धन बृद्धि सञ्चय । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५२००४४ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# प्रदेश २ को भूमी प्रदेश ३ ले अतिक्रमण गर्‍यो : सांसद गुरुङ्ग

टुडे समाचारदाता

जनकपुधराम । प्रदेश २ की सांसद सीता गुरुङ्गले प्रदेश ३ ले आफ्नो भूमी अतिक्रमण गरेको बताएकी छन् । भूमी अतिक्रमण गरेपछि धेरै दुःख लागेको नेपाल कम्युनिष्ट पार्टी नेकपाकी सांसद गुरुङ्गले बताइन् ।



प्रदेशको नीति तथा कार्यक्रम उपर बुधबार जारी छलफलमा बोल्दै सांसद गुरुङ्गले चुरियामाई मन्दिर प्रदेश २ को भएपनि प्रदेश ३ ले अतिक्रमण गरेर ठूलो गेट बनाएको बताइन् । 'चुरियामाई मन्दिर प्रदेश २ को भूमीको हो, तर त्यसलाई प्रदेश ३ सरकारले अतिक्रमण गरेका छन, हाम्रो सरकार चुपचाप छ ।"

प्रदेश ३ ले प्रदेश २ को भूमीमै आफ्ना सुरक्षाकर्मी राखेर प्रदेश २ का बासिन्दालाई छिर्न नदिएको उनले बताइन् । 'यताबाट उता जान चाहनेलाई छिर्न दिइरहेके छैन, उताबाट खुरु खुरु मान्छे छिराइरहेका छन्' सांसद गुरुङ्गले भनिन्, "हाम्रो सरकार यसतर्फ मौन किन ?"

## सर्पले टोकेका बिरामीको कोरोना पोजेटिभ

सुर्खेत । बराहताल गाउँपालिका-४ सुर्खेतको भेरी मावि तरङ्गा क्वारेन्टिनमा सर्पले टोकेका ५० वर्षीय पुरुषको पिसीआर रिपोर्ट पोजेटिभ आएको छ ।

सर्पले टोकेका ती पुरुषलाई मङ्गलबार राति उपचारका लागि कर्णाली प्रदेश अस्पताल सुर्खेतमा पठाइएको थियो । सर्पले टोकेपछि त्यहाँ खटिएका स्वास्थ्यकर्मीले बिरामी पुरुषलाई उपचारका लागि प्रदेश अस्पतालमा सिफारिस गरेका थिए । बिरामी परेका ती पुरुष आकस्मिक कक्षमा ल्याएपछि चार चिकित्सक उपचारमा खटिएको प्रदेश अस्पतालका निर्देशक डा डम्बर खड्काले जानकारी दिनुभयो ।

बिरामी क्वारेन्टिनमा रहेको भन्नेबारेमा अस्पताललाई कुनै पनि औपचारिक रूपमा जानकारी नभएको निर्देशक डा खड्काले बताउनुभयो । "बिरामी क्वारेन्टिनमा रहेको भन्नेबारेमा थाहा नै नदिएर उनलाई लिएर आएकाहरूले ती पुरुषलाई सिधै अस्पतालभित्र छिराए र उपचार गर्न लगाए", उहाँले भन्नुभयो, "क्वारेन्टिनमा बसेको र कोरोना सङ्क्रमित हुन् भन्ने थाहा नहुँदा उपचारमा एक्सपोजर भएका चार चिकित्सकमा अहिले आतङ्क फैलिएको छ ।"

उहाँले भन्नुभयो, "बिरामीको आरडिटी रिपोर्ट पनि पोजेटिभ रहेछ । उनलाई क्वारेन्टिनबाट ल्याइएको हो भन्ने अगाडि थाहा पाएको भए चिकित्सक पनि पिपिइ सेट लगाएर बिरामीको उपचारमा लाग्थे तर बिरामी ल्याउनेले र गाउँपालिकाले कुनै पनि जानकारी नदिँदा उपचारमा संलग्न चिकित्सकले सामान्य तरिकाले उपचार गर्नु भएछ । रासस

# लकडाउनमा रक्तदान

टुडे समाचारदाता

वीरगञ्ज । लामो समयदेखि जारी रहेको लकडाउनका कारण पर्सा जिल्लामा रगतको अभाव देखिन थालेपछि दाताहरू अग्रपङ्तिमा उभिन थालेका छन् ।



कोभिड-१९ को सङ्क्रमणका कारण रगतको अभाव हुन थालेपछि सोको अभाव हुन नदिन गिरिजाप्रसाद कोइराला फाउण्डेशन पर्साले बुधबार रक्तदान कार्यक्रम गरेको हो ।

मानव सेवा नै सबैभन्दा ठूलो धर्म भएकाले रक्तदान कार्यक्रममा एक महिलासहित सय जनाभन्दा बढी व्यक्तिले रक्तदान गरेका छन् । गिरिजाप्रसाद कोइराला फाउण्डेशन पर्साका अध्यक्ष मोहम्मद सहाबुद्दिनको अध्यक्षतामा भएको सो रक्तदान कार्यक्रमको पूर्व सांसद अनिल रुंगटाले उद्घाटन गरेका थिए ।

कर्यिक्रममा नेपाली काग्रेंस पर्साका जिल्ला सभापति अजय कुमार दुवेदी, नेपाली काग्रेस पुर्व सांसद अनिल कुमार रुगंटा,नेत्र ज्योति संघका केन्द्रिय सदस्य श्याम कुमार पोखेल,प्रदेश सभासद ओमप्रकास शर्मा,नेपाली काग्रेसका महा समिति सदस्य प्रकास यपाध्याय,वडा नं ६ का वडाध्यक्ष ध्रुव नेपाल, नेपाली काग्रसका युवा नेता राम नारायण कुर्मी,फाउण्डेशनपर्साकीसहसचिव मीण्टु देवि सिंह,फाउण्डेशनकि सदस्य प्रीति सिंह, वीरगंज महा नगरपालिकाका उप प्रमुख शान्ति कार्की,फाउण्डेशन पर्साका सल्लाहकार हरेराम ठाकुर,प्रध्यापक एवम समाजसेवी रुदल ठाकुर,वडा नं ३ का वडा समिति सदस्य सन्तोष गुप्ता,जी पी फाउण्डेशन ईकाइ समिती ३ का अध्यक्ष सदिप कुमार केवट,प्रगतिनगरका संयोजक सुरेश श्रीवास्तव,सह सचिव सुल्तान अंसारी,मोहम्मद नौसाद,मोहम्मद अफताब,भुवन कोईराला, महेश पौडेल, रोशन कर्ण, सन्तोष महर्जन,नन्दु ठाकुर,मुम्ताज मिया,उमेश महतो,मोहन पटेल,किरण के.सी लगायतको उपस्थिति रहेको थियो ।

# एसइई परीक्षा:आन्तरिक मूल्याङ्कनलाई मान्यता दिने प्रस्ताव

काठमाण्डु । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले कक्षा १० र ११ को माध्यमिक शिक्षा परीक्षा (एसइई) हाललाई विद्यालयको आन्तरिक मूल्याङ्कनका आधारमा ग्रेड निर्धारण र अबदेखि कक्षा १२ मा मात्रै उक्त परीक्षा लिन कानूनमा संशोधन गर्नेसहितको सिफारिस गरेको छ ।



मन्त्रालयले गठन गरेको सुझाव कार्यदलको प्रतिवेदनअनुसार आन्तरिक मूल्याङ्कनसहित विभिन्न तीन विकल्प दिइ बुधबार नेपाल सरकार, मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्ने तयार गरिएको हो ।

उक्त प्रस्तावबारे मन्त्रिपरिषद्को बैठकले चाँडै निर्णय गर्ने छ । शिक्षामन्त्री गिरिराजमणि पोखरेलले प्रतिनिधिसभाको मङ्गलबारको बैठकमा विनियोजन विधेयकमाथिको छलफलमा जवाफ दिने क्रममा माध्यमिक शिक्षासहित विभिन्न तहका परीक्षाका बारेमा आएका तीन विकल्पबारे गृहकार्य गरी सरकारले छिट्टै निर्णय गर्ने बताउनुभएको थियो ।

कोरोना रोकथाम र नियन्त्रणका लागि जारी बन्दाबन्दीका विषयमा सरकारले लिने नयाँ रणनीतिसँगै परीक्षाका विषयहरुमा निर्णय हुन लागेको हो । गत चैत ६ गते हुने कक्षा १० को एसइई परीक्षा कोरोना जोखिमका कारण गत चैत ५ गतेको कोरोना रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको निर्णयपछि स्थगित भएको थियो ।

शिक्षा मन्त्रालयका प्रवक्ता एवं सुझाव कार्यदलका संयोजक दीपक शर्माले आफूहरुले आन्तरिक मूल्याङ्कन, प्रदेशगतरुपमा परीक्षा लिने वा विद्यमान कानूनलाई संशोधन गरी कक्षा १२ मा मात्रै राष्ट्रियस्तरको एसईई परीक्षा लिनेजस्ता विकल्पसहितप्रतिवेदन दिइएको जानकारी दिनुभयो।

सो विकल्प र प्रस्तावबारे मन्त्रिपरिषद्ले निर्णय गरेअनुसार कार्यान्वियन गरिने उहाँले बताउनुभयो । सुझावमा हरेक विकल्पको सम्भावना, चुनौती र अवसरबारे समेत विवेचना गरिएको जनाइएको छ । यसअघि राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष डा चन्द्रमणि पौडेलको संयोजकत्वमा रहेको समितिको सुझावलाई विश्लेषण गरी शर्मा नेतृत्वको कार्यदलले पछिल्लो सुझाव दिएको हो । बोर्ड मातहतको कक्षा १० का परीक्षा नियन्त्रक तथा सुझाव कार्यदलका सदस्य रामराजा खकुरेलले कोरोना महामारीका कारण गत वर्षको एसइई परीक्षा पूर्वनिर्धारित केन्द्रहरुमा सञ्चालन गर्न सम्भव नहुने भएकाले सम्बन्धित विद्यालयले लिएको वार्षिक परीक्षाका आधारमा परीक्षा नियन्त्रण कार्यालयले ग्रेड निर्धारण गरी लब्धाङ्कपत्र दिने पहिलो विकल्प अघि सारिएको बताउनुभयो । दोस्रो विकल्पमा प्रदेशगतरुपमा अलगअलग सम्बन्धित विद्यालयमा परीक्षा केन्द्र निर्धारण गरी परीक्षा लिने र तेस्रो विकल्पका रुपमा शिक्षा ऐन (२०२८) को नवौं संशोधनको दफा ४ को व्यवस्था हटाउने रहेको जानकारी दिनुभयो । के एसइई परीक्षा अब सधैंका लागि खारेज हुन्छ त ? भन्ने राससको जिज्ञासामा नियन्त्रक खकुरेलले भन्नुभयो, "स्थितिको मूल्याङ्कन गरी विकल्पसहित सुझाव दिएका छौं । नेपाल सरकारले गर्ने निर्णय हामीले कार्यान्वियन गर्नेछौं ।

ऐनको उक्त दफाको (ट) (१) 'माध्यमिक शिक्षाको कक्षा दश र माध्यमिक तहको अन्त्यमा हुने परीक्षा बोर्डबाट सञ्चालन हुनेछ तर आधारभूत तहको परीक्षा जिल्ला शिक्षा कार्यालयबाट सञ्चालन हुने' उल्लेख छ । (ट) (२) मा कक्षा दशको अन्त्यमा हुने परीक्षा क्षेत्रीयस्तरमा र आधारभूत तहको अन्त्यमा हुने परीक्षा जिल्लास्तरमा सञ्चालन गरिनेछ उल्लेख छ भने (ट) (३) परीक्षा सञ्चालनसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुने भनिएको छ । यही ट (३) को विकल्प प्रयोग गरेर तत्काल ऐन संशोधन नगेरर पनि अन्य विकल्पमा जान सकिने सुझाव पनि कार्यदलले दिएको छ । ऐन संशोधन गर्न सङ्घीय संसद्मा विधेयक पेश गर्नुपर्छ । यसको सट्टा सरकारले तयारी गरिरहेको नयाँ विद्यालय शिक्षा ऐन पेश र पारित भएमा पुरानो ऐन विस्थापन हुनेछ ।

गत चैत ११ गतेदेखि जारी भएको बन्दाबन्दीका कारण सबै तहका शिक्षालयको पठनपाठन र परीक्षा स्थगित छन् । यसबीचमा केही शिक्षालयले आफ्नो तरिकाले दूर तथा खुल्ला शिक्षालगायत वैकल्पिक प्रणालीबाट पढाइ शुरु गरे पनि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले सिकाइ सहजीकरण निर्देशिका जारी गरी आउँदो असार १ देखि सबै विद्यालयमा वैकल्पिक विधिबाट सिकाइ प्रत्रिया शुरु गर्न आग्रह गरेको छ ।

सरकारले कोरोना जोखिमका कारण स्थगित गरिएका माध्यमिक शिक्षा परीक्षा कक्षा १० (एसइई) र कक्षा ११, १२ का परीक्षालाई स्थिति सहज भएपछि कसरी सञ्चालन गर्ने भन्नेबारेमा अध्ययन गर्दै रहेको थियो ।

कक्षा १० को एसइई परीक्षाका लागि चार लाख ८२ हजार २१९ विद्यार्थीले आवेदन दिएका थिए भने एक हजार ९९५ परीक्षा केन्द्र निर्धारण गरिएको थियो । बोर्डले गत चैत ८ गतेदेखि हुने कक्षा १२ र चैत २५ गतेदेखि हुने भनिएको कक्षा ११ को परीक्षा पनि बन्दाबन्दीका कारण स्थगन गरेको थियो । विश्वविद्यालयका परीक्षा पनि स्थगन गरिएका छन् ।रासस

## चार्टर्ड उडानबारे छानबिन समिति गठन

काठमाण्डु । सरकारले चार्टर्ड उडानका नाममा यात्रुसँग बढी भाडा लिएको गुनासोका सन्बन्धमा सत्यतथ्य पत्ता लगाउन छानबिन समिति गठन गरेको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले हङकङ र जापान जान अनुमति पाएका नेपाली र विदेशी नागरिकको चार्टर्ड उडानमा ट्राभल एजेन्सीले यात्रुबाट अस्वभाविक रुपमा बढी रकम लिई टिकट बिक्री गरेको भनी आएको गुनासोबारे छानबिन गर्न मन्त्रालयका सहसचिव सुरेश आचार्यको संयोजकत्वमा चार सदस्यीय छानबिन समिति गठन गरेको हो ।

समितिको सदस्यमा पर्यटन विभागका निर्देशक सुरेन्द्र थापा, नेपाल नागरिक उड्डयन प्राधिकरणका हवाई यातायात महाशाखा प्रमुख सदस्य र पर्यटन मन्त्रालयका उपसचिव राजन नेपाललाई सदस्य सचिवको जिम्मेवारी दिइएको मन्त्रालयद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

सो सम्बन्धमा जहाज चार्टर्ड गरी यात्रु ओसार्दा टिकट बिक्री गर्ने चार्टर्ड पार्टी एवं ट्राभल एजेन्सीले यात्रुसँग के कस्तो आधारबाट के कति भाडा लिएको हो सत्यतथ्य छानबिन गरी सात दिनभित्र प्रतिवेदन पेश गर्न भनिएको छ ।

साथै आगामी दिनमा विमान चार्टर्ड गर्दा जुन देशको लागि हो उक्त मुलुकको सम्बन्धित कूटनीतिक नियोगबाट यात्रुको नामावलीसहितको पूर्वस्वीकृति र यात्रुसँग लिने भाडा रकमसमेत खुलाएर मात्र चार्टर्ड उडानको लागि सम्बन्धित वायु सेवा कम्पनीमा निवेदन दिनसक्ने व्यवस्था गरिएको छ ।

भाडादर नखुलेको अवस्थामा र चार्टर्ड गरेको रकमको आधारमा विमान कम्पनीले नियमानुसार दिने कमिशन र अन्य मुलुकमा बुझाउनुपर्ने कर दायित्वको आधार प्रस्तावित भाडा दर उचित भएको देखिएमा मात्र चार्टर्ड उडान अनुमति प्रदान गरने व्यवस्था मिलाइएको मन्त्रालयले जनाएको छ । रासस

# थपिँदै सङ्क्रमित, सुस्त स्वाब सङ्कलन

जलेश्वर । महोत्तरीमा दिनदिनै कोभिड-१९ सङ्क्रमित थपिँदै छन् । पिसिआर परीक्षणका लागि स्वाब सङ्कलन र परीक्षण नतिजा आउने गति सुस्त देखिए पनि यहाँ दिनदिनै सार्वजनिक हुने तथ्याङ्कमा सङ्क्रमितको सङ्ख्या थपिँदै गएको हो ।

जिल्लामा अहिले सङ्क्रमितको सङ्ख्या १६४ पुगेको छ । पछिल्लोपटक मङ्गलबार राति थप ४१ जनामा सङ्क्रमण पुष्टि भएपछि यो सङ्ख्या १६४ पुगेको हो । यसअघि मङ्गलबार साँझ १९ जना नयाँ सङ्क्रमित थपिएको जिल्ला स्वास्थ्य कार्यालय महोत्तरीले जनाएको छ ।

दुवै जोड्दा मङ्गलबार नै ६० जनामा सङ्क्रमण पुष्टि भएको कार्यालयका कोभिड-१९ रोकथाम अभियानका स्रोतव्यक्तिसमेत रहनुभएका जनस्वास्थ्य निरीक्षक गिरेन्द्रकुमार झाले जानकारी दिनुभयो ।

पछिल्लोपटक मङ्गलबार जिल्लाको जलेश्वर क्वारेन्टिनमा २८, बर्दिवासमा १५, मनराशिशवामा १३ र एकडाराको क्वारेन्टिनका चारजनामा सङ्क्रमण पुष्टि भएको हो । यसअघि जिल्लाको मध्य र सुदूर दक्षिणी भेगमा मात्र सङ्क्रमण पुष्टि हुँदै आएको थियो । पछिल्लोपटक मङ्गलबार एकैदिन १५ जनामा सङ्क्रमण पुष्टि भएपछि उत्तरी क्षेत्रको बर्दिवास नगरक्षेत्रमा त्रास नै फैलिएको छ ।

यसअघि सोमबारमात्र बर्दिवासका एकजनामा सङ्क्रमण पुष्टि भएको थियो ।

जिल्लामा पिसिआर परीक्षणका लागि स्वाब सङ्कलन र परीक्षणको नतिजा (रिपोर्ट) आउने क्रम अत्यन्त सुस्त भएको जतातते गुनासो बढेको छ । मङ्गलबार ८८ क्वारेन्टिनमध्ये कतै पनि पिसिआर परीक्षणका लागि स्वाब सङ्कलन हुन सकेन । यहाँ सोमबारसम्म एक हजार ९०९ जनाको स्वाब सङ्कलन गरिएको थियो । जसमध्ये हालसम्म ७०८ जनाको मात्र परीक्षण नतिजा आएको छ । जसमा १६४ को पोजेटिभ र ५४४ जनाको नेगेटिभ परिणाम प्राप्त भएको जनस्वास्थ्य निरीक्षक झाले जानकारी दिनुभयो । स्वाब परीक्षण गरिएका मध्ये एक हजार २०१ को परिणाम आउन बाँकी छ ।

बर्दिवास-१ स्थित क्वारेन्टिनमा जेठ दोस्रो सातामै पिसिआर परीक्षण गरिएका कतिको अझै रिपोर्ट आएको छैन ।

जिल्लामा अहिले क्वारेन्टिन केन्द्र बढाएर ८८ पुऱ्याइएको छ । यी सबै केन्द्रमा गरी चार हजार १७४ शय्या छन् । यिनमा अहिले तीन हजार ४६२ जना बस्दै आएका छन् । त्यसैगरी स्वास्थ्यकर्मीको प्रत्यक्ष रेखदेख हुने गरी ९७६ जना होम क्वारेन्टिनमा रहेका छन् ।

जिल्लामा अहिले १५६ शय्याको आइसोलेशन कक्ष सञ्चालनमा छ । जसमा ९० जना शङ्कास्पद रहेका छन् । तर आवश्यक सामग्रीको अभावले स्वाब सङ्कलन भने दुई हजारभन्दा तल नै छ ।

हालसम्म जलेश्वर अस्पताल र नेपाली सेनाको परिकौलीस्थित रणभीम गणमा मात्र आइसोलेशन कक्ष सञ्चालनमा छ । बर्दिवासमा मङ्गलबार थपिएका सङ्क्रमितलाई त्यही नै आइसोलेशन कक्ष थपेर राखिएको र पिपरास्थित स्वास्थ्य केन्द्रमा तत्काले ५० शय्याको आइसोलेशन सञ्चालन गर्न लागिएको जनस्वास्थ्य निरीक्षक झाले बताउनुभयो ।

जिल्लामा हालसम्म आरडिटी प्रणालीअनुसार एक हजार ९९ जनाको परीक्षण गरिएको छ । जसमा ९५६ को नतिजा नेगेटिभ र १४३ जनाको पोजेटिभ आएको छ ।

पोजेटिभ नतिजा आएका सबैको पिसिआर परीक्षणका लागि स्वाब सङ्कलन र परीक्षण हुँदै गरेको कार्यालयले जनाएको छ । जिल्लाको सुदूर दक्षिणी क्षेत्रको सम्सी गाउँपालिका-५ पोखरभिण्डा सग्रामपुर क्वारेन्टिन केन्द्रबाट भागेका २४ जनामध्ये १४ जना सम्पर्कमा आइसकेका छन् । सोमबार मध्यरातअघि केन्द्रबाट भागेका मध्ये १० जनाको अझै खोजी गरिँदैछ ।

**_पोजेटिभ नतिजा आएका सबैको पिसिआर परीक्षणका लागि स्वाब सङ्कलन र परीक्षण हुँदै गरेको कार्यालयले जनाएको छ। जिल्लाको सुदूर दक्षिणी क्षेत्रको सम्सी गाउँपालिका-५ पोखरभिण्डा सग्रामपुर क्वारेन्टिन केन्द्रबाट भागेका २४ जनामध्ये १४ जना सम्पर्कमा आइसकेका छन् । सोमबार मध्यरातअघि केन्द्रबाट भागेका मध्ये १० जनाको अझै खोजी गरिँदैछ।_**

यसैगरी बर्दिवास-१ को क्वारेन्टिनमा स्वाब सङ्कलन गरिएकालाई गत शुक्रबार आरडिटी जाँच गरेर नेगेटिभ आएपछि १२ जना घर फर्काइएको थियो ।

घर फर्काइएका मध्ये दुई दिनपछि गत आइतबार एकजनाको पिसिआर नतिजा पोजेटिभ आएपछि उनलाई फेरि नियन्त्रणमा लिएर उनीसँग पछिल्ला दुईदिन संसर्गमा रहेकाहरूको खोजी अहिले टाउको दुखाई बनेको छ ।

पिसिआरको नतिजा नआउँदै घर फर्कन सम्बन्धितले हल्लाखल्ला मच्चाएर केन्द्रमा खान छाडेपछि आरडिटी गरेर छाडिएको थियो । आइसोलेशनमा पुऱ्याइएका उनीसँग संसर्गमा जोडिएकाको खोजी भइरहेको कार्यालयले जनाएको छ ।रासस

# चरित्रमा प्रश्न उठाएपछि घट्ना भएको आरोपीको बयान

रुपन्देही । रुपन्देहीको तिलोत्तमास्थित पशु फार्ममा भएको सामूहिक हत्याकाण्डका आरोपीले पटकपटक चरित्रमा आक्षेप लगाइएका कारण उक्त घट्ना भएको बयान दिएका छन् ।

हत्याकाण्डको अनुसन्धान गर्न प्रदेश नं ५ प्रहरी कार्यालयले गठन गरेको समितिले बुधबार बुटवलमा पत्रकार सम्मेलन गरी घटनाका आरोपी सुर्खेतको साविक नेटा गाविस-३ का ३१ वर्षीय झसेन्द्रबहादुर सिञ्जालीले चरित्र हत्याकै कारण आवेशमा आएर हत्या गरेको बयान दिएको जानकारी गराएको छ ।

हत्यापछि फार्मभित्रै पराल राख्ने ठाउँमा बेहोस अवस्थामा झसेन्द्र पत्राउ परेका थिए । मुसा मार्ने विषादी सेवन गरेका कारण उनी बेहोस अवस्थामा भेटिएको र उपचारपछि ठीक भएको प्रहरीले जनाएको छ । अस्पतालमा उनले आफूलाई दुःख दिएका कारण फरुवाले हानेर हत्या गरेको बताएका थिए । प्रहरीले घटनास्थलबाट कोदालो र लठ्ठी बरामद भएको जनाएको छ ।

पत्रकार सम्मेलनमा प्रदेश प्रहरी कार्यालयका प्रवक्ता वरिष्ठ प्रहरी उपरीक्षक राजकुमार बेदवारले मृतकले व्यक्तिगत चरित्रमा आँच आउने किसिमले चर्चा गरेकाले मानसिकरुपमा चोट पुग्न गई आवेशमा आएर हत्या भएको देखिएको बताउनुभयो । झसेन्द्रको चरित्रमाथी बारम्बार प्रश्न उठाएपछि उनीहरुलाई तह लगाउने नाममा हत्या भएको पाइयो । अहिलेसम्म अनुसन्धानका क्रममा अरु कारण फेला परेन, उहाँले भन्नुभयो ।

अनुसन्धान समितिका सदस्य तथा जिल्ला प्रहरी कार्यालय रुपन्देहीका प्रमुख प्रहरी उपरीक्षक हेमकुमार थापाले सामान्य रिसिइबीका कारण नै घटना भएको देखिएपनि थप अनुसन्धान गरिने बताउनुभयो । तिलोत्तमा-१० मैनहवास्थित गङ्गादेवी पशु फार्ममा सोमबार राति पाँच जनाको सामूहिक हत्या भएको थियो ।

फार्ममा सेनामेना मुग्यिाका ४० वर्षीय माधव मुसहर, ३७ वर्षीया जानकी मुसहर, १६ वर्षीय पोखराज मुसहर, १५ वर्षका करण चौधरी र १६ वर्षीय आशिष चौधरीको सामूहिक हत्या भएको थियो । रासस

# 'वैकल्पिक सिकाइका लागि विद्यालयलाई सूचना प्रविधिमा बजेट अपुग'

काठमाण्डु । कोरोना महामारीका कारण अवरुद्ध शिक्षण प्रक्रियालाई वैकल्पिक विधिबाट निरन्तरता दिन विद्यालयमा सूचना, सञ्चार र प्रविधिका लागि पर्याप्त बजेट विनियोजन हुनुपर्नेमा जोड दिइएको छ ।

सामुदायिक विद्यालय व्यवस्थापन समिति महासङ्घ नेपाल र शिक्षा नीति तथा अभ्यास केन्द्रले बुधबार आयोजना गरेको अनलाइन अन्तरसंवादमा सरकारले वैकल्पिक विधिको शिक्षण प्रक्रियाबारे ढिलो गरी निर्देशिका ल्याएको र सञ्चार पहुँचका लागि बजेटको प्रबन्ध नगरेको गुनासो गरिएको हो ।

गत चैत ११ गतेदेखि जारी भएको बन्दाबन्दीका कारण सबै तहका शिक्षालयको पठनपाठन र परीक्षा स्थगन छन् । यसबीचमा केही शिक्षालयले आफ्नो तरिकाले दूर तथा खुला शिक्षालगायत वैकल्पिक प्रणालीबाट पढाइ शुरु गरे पनि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले जारी गरेको सिकाइ सहजीकरण निर्देशिका अनुसार आउँदो असार १ देखि सबै विद्यालयमा वैकल्पिक विधिबाट सिकाइ प्रत्रिया शुरु गर्न आग्रह गरेको छ ।

शिक्षाविद् डा विद्यानाथ कोइरालाले शिक्षकले समयमा जिम्मेवारी नबोकेर सरकारको आदेश कुरेर बस्दा सिकाइ निरन्तरतामा अन्योल देखिएको बताउँदै शिक्षा मन्त्रालयले समयमा निर्णय गर्न ढिलाइ गरेको र स्थानीय तहले पनि सम्बन्धित पक्षसँग संवाद गरेर वैकल्पिक उपायमा पढाउन नसकेको टिप्पणी गर्नुभयो ।

नेपाल शिक्षक महासङ्घका अध्यक्ष बाबुराम थापाले पठनपाठनबारे बन्दाबन्दीको दुई महिनापछि बल्ल सरकारले आफूहरूसँग परामर्श थालेको उल्लेख गर्दै सङ्कटका बेलामा पनि शिक्षण एक निरन्तर चलिरहने प्रक्रिया भएकाले बन्दाबन्दीपछि शिक्षकहरूले अनलाइन पद्धतिको प्रशिक्षण र सूचना आदानप्रदान गरिरहेको जनाउनुभयो । उहाँले सरकारले बजेटमा विद्यालयका लागि सूचना प्रविधि क्षेत्रमा बजेट विनियोजन नगरेको प्रतिक्रिया दिनुभयो । शिक्षा विश्लेषक टीका भट्टराईले संरचनात्मकभन्दा क्रियात्मकरूपमा शिक्षण प्रक्रियालाई अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो । रासस

# कृषि सामग्री गाउँसम्म पुऱ्याउन माग

काठमाण्डु । जनता समाजवादी पार्टीले कृषि उत्पादनको प्रोत्साहनका लागि तत्काल मलखाद र कीटनाशक तथा अन्य कृषि सामग्रीको उपलब्धता गाउँ कन्दरासम्म सुनिश्चित गराउन सरकारसँग माग गरेको छ ।

सो पार्टीका अध्यक्ष महन्थ ठाकुरले बिहीबार जारी गर्नुभएको विज्ञप्तिमा कोभिड-१९ को अवधिमा आर्थिक सङ्कटबाट गुज्रिराखेको कृषक समुदाय आगामी दिनमा न्यून उब्जनी र खाद्यान्न अभाव तथा भोकमरीको त्रासले भन्ने त्रस्त र विचलित हुदै गएको भन्दै सरकारको ध्यानाकर्षण गराएको हो ।

सरकारको नीति कार्यक्रममा खाद्यान्न कृषिमा आत्मनिर्भर हुने कृषिलाई लाभमूलक पेशा बनाई कृषि रोजगारीमा अभिवृद्धि गर्दै, खाद्यान्नमा देशलाई आत्मनिर्भरता तर्फ लेजाने लक्ष्यको सरकारी घोषणा भएपनि प्रमुख अन्नबालीको रुपमा रहेको धानखेतीको प्रारम्भमा नै देशभरि बिउबिजन, डिएपी तथा यूरियाको चरम अभाव भएको विज्ञप्तिमा भनिएको छ ।रासस


धनुषाधाम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनुषाधाम धनुषा
प्रदेश नं. २, नेपाल

सच्याइएको सम्बन्धमा

धनुषाधाम नगरकार्यपालिकाको कार्यालय धनुषाधाम, धनुषा द्वारा २०७७/०२/२६ गते जनकपुर टुडे राष्ट्रिय दैनिकमा प्रकाशित करार सेवाको पदपुर्ति गर्ने सम्बन्धी सूचनामा साहायक कम्प्युटर अपरेटर-१ र कार्यालय सहयोगी (का.स.)- ६ हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याईएको व्यहोरा सम्बन्धीत सबैमा जानकारीको लागि अनुरोध छ ।

प्रमुख प्रसाशकिय अधिकृत



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# लकडाउनमा घुसखोरी

लकडाउनमा देश ठप्पछ ।कारोबार बन्द प्रायःछ ।मानिसहरुलाई घरबाट ननिस्कन सरकार र चिकित्साकर्मीहरुको सुझावछ ।अधिकांश सरकारी कार्यालयहरु बन्द छन् ।खुल्ने सरकारी कार्यालयमा पनि कर्मचारीहरुको उपस्थिति न्युन रहेकोछ ।सरकारले लकडाउनलाई निरन्तरता दिएपनि बैकल्पिक व्यवस्थ ।गर्न नसकेको भन्दै व्यवसायीहरु बिरोधमा उत्रन थालेका छन् ।ठाउँठाउँमा पसलहरु खुल्न थालेकाछन् ।मानिसहरुको सडकमा व्यापक भीड हुन थालेकोछ ।समाजिक दुरी, मास्क लगाउने जस्ता अनिवार्य शर्तहरुको समेत उल्लंघनगरि मानिसहरु सडकमा देखिन्छन् ।सरकारी कार्यालयमा बाहिरी सम्पूर्ण सेवाहरु बन्दछ ।सरकारले आमनागरिकलाई सेवा रोकेकोछ ।सरकारी कर्मचारीहरु लकडाउनको कारण घरबाट ननिस्कने बताउँदै आएका छन् ।सर्वसधारणको काम भइरहेको छैन् ।सरकारी कार्यालयहरुमा ढोका थुनेर काम हुन्छ ।कोरोना भाइरसको संक्रमणबाट जोगिन मानिसहरुको भीडभाड हुनपनि दिनु हुँदैन् ।कर्मचारीहरुले आफ्नो सुरक्षाको व्यवस्था आफै गर्नुपर्ने बाध्यताछ ।तर घुसखोरी, तस्करी लगायतका धन्धामा लकडाउनले धेरै असर पार्न सकेको छैन् ।नेपाल र भारतबीच मानिसको आउजाउलाई सरकारले पूर्ण बन्द गरेकोछ ।तर सय रुपेया तिरेर आउजाउ गर्नेहरुका लागि कोरोनाको असर छैन् ।कोरोनाको सत्रमण व्यापक फैलिएको अवस्थामा भ्रष्टाचारगर्ने कर्मचारीहरु निडर छन् ।उनीहरुलाई कोरोना भाइरसले पनि छुँदैन् ।लकडाउनकोपनि प्रभाव पर्दैन् ।कोरोना भाइरस संत्रमण प्रदेश २ मा व्यापक फैलिएकाले सर्वसधारणहरुमा त्रास देखिएकोछ ।तर भ्रष्टाचारमा लिप्त कर्मचारीहरुलाई त्यसको कुनै चिन्ता छैन् ।उद्योग व्यवसायहरुमा छापामार्ने राजस्व अनुसन्धान कार्यालय पथलैयामा ठूलो आर्थिक चलखेल हुन थालेको सुराक पाएर अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छापा मारेकोछ ।राजस्वका कर्मचारीहरु मिलेर तीन ट्रक अखाद्य चिनीलाई खाने योग्य भन्दै बिक्रीका लागि छुट दिन लागेको अवस्थामा अख्तियारले कागजातहरु नियन्त्रणमा लिएकोछ ।अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नियन्त्रणमा लिएको ट्रकमा लोड रहेको चिनीको खान योग्य रहेको मिति गत फागुन महिना अघि नै समाप्त भइसकेको हो ।महोत्तरी जिल्लाको भिठ्ठामोड नाकामा रहेको खाद्य क्वारेन्टाइन चेकपोष्टले त्यो चिनीलाई अखाद्य घोषितगरि भन्सार कार्यलयलाई समेत लिखित जानकारी दिइसकेकोछ ।तरपनि त्यो चिनीलाई तत्कालिन भन्सार प्रमुखले नेपालमा भित्र्याउने मार्ग खुल्ला गरिदिए ।नेपालमा भित्रिएको त्यो चिनी फेरी राजस्व अनुसन्धान कार्यालय पथलैयाको नियन्त्रणमा गयो ।तर अहिले खाद्य परीक्षण विभागले चिनी खान योग्य भएको प्रमाणपत्र बनाएर राजस्वको मिलोमतोमा व्यवसायीको चिनी छाड्ने तयारी गरेका थिए ।अख्तियारले सुइको पाएपछि तीनै ट्रकलाई नियन्त्रणमा लिएर चिनी सम्बन्धी सम्पूर्ण कागजातहरु नियन्त्रणमा लिएकोछ ।लकडाउनको पालना गर्ने र समाजिक दुरी बनाएर बस्ने बाध्यात्मक अवस्था रहेपनि भ्रष्टाचार र तस्करीमा लिप्त कर्मचारी, व्यवसायीहरुले त्यसलाई पालना गरेको छैन् ।लकडाउनमा तस्करी ब्यापक भएकोछ ।मानिस सहज रुपमा आउजाउ गर्न नसकेपनि अवैध मालवस्तुहरु निर्वाध रुपमा आउने जाने गरेकोछ ।लकडाउनमा पनि भ्रष्टाचार र तस्करी रोकिएन् ।तर जनजीवन ठप्प थियो ।

# संविधान संशोधनका दुई प्रस्तावमा सरकारी 'मूड'

अडीट



धर्मेन्द्र झा

नेपालको संविधान २०७२ मा तेस्रो संशोधनको बाटो खुलेको छ । यसअघि संविधान जारी भएलगत्तै मधेशका केही माग सम्बोधन गर्न दुईवटा संशोधन भएका थिए। तर मधेशले आफूलाई पूर्ण सम्बोधन हुन सकेको कहिल्यै पनि अनुभूत गर्न सकेन। त्यसपछिका दिनमा लगातार मधेशले संविधान संशोधनसम्बन्धी माग राखि रहे पनि सत्तापक्षले कहिल्यै स्वीकार गरेन। संयोग नै मान्नुपर्छ, संविधान जारीपछिका अधिकांश समय वामपन्थी शक्तिहरु सत्तासीन रहे। अर्को संयोग पनि यहाँ महत्वपूर्ण छ, स्वयं मधेशकेन्द्रित दलका नेता पनि यसबीचमा पटकपटक सत्तामा रहे तर संविधान संशोधनसम्बन्धी मधेशको मागले महत्व पाएन । यसपटक पुनः संसदमा गैरसरकारी प्रस्तावका रुपमा मधेशका मुद्दा सम्बोधनार्थ संविधान संशोधनसम्बन्धी एक प्रस्ताव दर्ता भएको छ। यस प्रस्तावमा समाजवादी जनता पार्टी (सजपा)र नेपाली कांग्रेस सकारात्मक रहेको पाइएको छ। तर संविधान संशोधनका लागि संसदमा आवश्यक दुई तिहाई मत सत्ताधारी नेपाल कम्युनिष्ट पार्टी (नेकपा)सकारात्मक नभएसम्म जुट्न असम्भव छ। अब हेर्नुपर्नेछ नेकपाका 'मूड' कस्तो हुन्छ।

माथि उल्लेख गरिएको संविधानमा तेस्रो संशोधनको बाटो खुलेको भन्ने कुरा निशान छापसम्बन्धी संशोधनसँग सम्बन्धित छ । सरकारले लिपुलेक, कालापानी र लिम्पियाधुरालाई समेट्दै जारी गरेको नेपालको नयाँ नक्शालाई संविधानको अनुसूचीमा उल्लेखित निशान छाप (राष्ट्रको प्रतीक चिन्ह)मा राखेर नयाँ प्रतीक चिन्ह जारी गर्ने सम्बन्धमा सरकारले संसद्मा प्रस्तुत् गरेको संविधान संशोधनको प्रस्तावलाई संसदले स्वीकार गरेपछि संविधान संशोधनको बाटो खुलेको हो । संविधान संशोधनसम्बन्धी यी दुवै प्रस्तावको सरकारी र गैरसरकारी हेसियतले अबको नेपाली राजनीतिलाई तताउने अपेक्षा गरिएको छ। यस अवस्थामा कोरोनाले थिलथिलो बनेको नेपाली समाजमा राजनीतिले कसरी कोल्टे फेर्छ, त्यो हेर्न भने केही समय पर्खनै पर्नेछ। यसैबीच नवगठित जसपा निर्वाचन आयोगमा दर्ता भएपछि नेपाली राजनीति वरियताक्रमका नाममा एकपटक तरंगित बन्न पुगेको छ । यसै सेरोफेरोमा रहेर संविधान संशोधनका लागि सरकारी प्रस्तावको आधार बनेको विषयमा केही चर्चा गर्नु उपयुक्त हुन्छ।

भारतले पश्चिम सीमामा चीन जोडन गरेको सडक निर्माणका क्रममा नेपाली भूमीको अतिक्रमण भएको दावी नेपालको छ। लिपुलेक इलाकाको यो भारतीय सडकले विगतको नेपाल, भारत र चीन त्रीदेशीय सीमा विन्दूको मान्यताको उल्लंघन गरेको दावी नेपाली पक्षको छ र यसै दावीको आधारमा नेपालले परिमार्जन गरी आफ्नो नयाँ नक्शा जारी गरेको छ । लगत्तै भारतले नेपालप्रति एकपक्षीयरुपमा नक्शा जारी गरेको भन्दै असन्तुष्टि जनाएको छ। कूटनीतिमा यस्ताखाले असन्तुष्टिलाई अस्वाभाविक मान्न सकिँदैन । अहिले नेपालमा यससम्बन्धमा सरकारीतर्फबाट जसरी प्रस्तुत् हुने कार्य भइरहेको छ, स्वीकार्नैपर्छ, त्यसमा केही असंगतिहरु छन् । यस सन्दर्भमा विशेषतः सम्बन्धित मन्त्री स्वयंले डुलीडुली नयाँ नक्शा वितरण गर्नुलाई कसरी हेर्ने भन्ने प्रश्न महत्वपूर्ण छ । यस कार्यलाई कूटनीतिक दृष्टिले निकै हलुंगोरुपमा लिइएको छ भन्दा आधारमा कालापानी-लिपुलेक क्षेत्रमा नेपालको भौतिक उपस्थिति सुदृढ हुन कठीन छ। यसका लागि संवाद र प्रमाणसहितको सबल कूटनीतिक पहल जरुरी हुन्छ।

खासमा यो सडकको निर्माण कार्य नयाँ भने होइन । यो सडक निर्माणका लागि भारतले सन २०१५ देखि नै वजेट विनियोजन गर्दै आएको बताइएको छ। यसबारे नेपाल सरकारलाई जानकारी नै नभएको भने होइन तर जनसामान्यले जानकारी पाउने गरी समस्या सम्बोधनका दिशामा नेपाल सरकारबाट ठोस र प्रभावकारी कूटनैतिक पहल भने भएको देखिएन । सरकारका तर्फबाट यसबारे भारत सरकरालाई जानकारी गराइसकिएको र भारतबाट यससम्बन्धमा कोरोना समस्या समाधानपछि दुई पक्षीय

> *एक अर्काप्रतिको विष वमनले समाधानको चूरो पहिल्याउन नसकिने पक्का छ। वर्तमान अवस्थामा एउटा प्रश्न उठ्छ, नेपालले अहिले नै यो विषयको उठान किन गर्‍यो ? कोरोनाले थलिएको अवस्था यो विषयको उठानका लागि सर्वाधिक उपयुक्त समय हो त ? प्रश्न अर्को पनि उठ्छ, गत कार्तिकतिरै नेपालले यसम्बन्धमा कूटनीतिक पहल किन थालेन ? कुरो गर्भभित्रै छ। अनुमान जे पनि लगाउन सकिएला। तर भन्नेहरुल त के पनि भन्छन् भने कोरोना व्यवस्थापनमा असफल ठहरिएको वर्तमान सरकारले आम जनताको ध्यान अन्यत्रै मोड्न र कथित राष्ट्रवादको हौवा पिट्न नक्शाको अश्त्र प्रयोग गरेको हो।*

अस्वाभाविक हुँदैन। ध्यान रहोस, नेपालको यो प्रयास उग्र राष्ट्रवादमा गएर नटुंगियोस।

कालापानी क्षेत्र खासमा नेपाल, भारत र चीनबीचको त्रीदेशीय सीमाविन्दूका रुपमा चर्चित छ। यो क्षेत्र चीनसँगको सम्बन्धका कारण भारतका लागि अत्यन्तै रणनीतिक महत्वको क्षेत्र हो । सन २०१५ मा नेपाललाई कुनै जानकारी नदिई भारत र चीनबीच लिपुलेक पासका बारेमा सहमति भएपछि यो विषय विवादित बन्दै आएको छ। अहिले आएर यो विषय नेपाल र भारतको हो भन्दै चीन पन्छिन खोजेको छ । यसलाई उचित मान्न सकिँदैन । यस अवस्थामा खासमा नेपालले ती दुवै देशबीच भएको सहमतिकै बारेमा अन्तर्राष्ट्रिय जगतमा प्रश्न उठाई चीनलाई पनि कठघरामा उभ्याउनु उचित हुन्छ । एउटा कुरा त निश्चित छ, त्यो के भने नक्शा बनाएकै वार्ता गर्ने जानकारी प्राप्त भएको बताइएको छ । यसअघि गत वर्ष २०७६ को कार्तिकतिर पनि यही सीमा विन्दू विवादका कारण नेपाल-भारत सम्बन्ध चर्चामा आएको थियो । त्यसवखत भारतले आफ्नो राजनीतिक नक्शा सार्वजनिक गरेको भनिएको थियो। त्यस वेला पनि नेपाल-भारत सीमा विवाद चर्चाको विषय बनेको स्मरणीय छ। त्यो चर्चा सेलाउन नपाउँदै त्यही नक्शाका आधारमा भारतले अहिले सडक निर्माण गरेको विषय यतिखेर चर्चामा छ।

यो सँगै नेपालमा एकपटक पुनः राष्ट्रियताको विषय केही व्यक्ति र वर्गका लागि राजनीतिक दुनो सोभ्याउने माध्यम बन्न पुगेको छ भन्दा असंगत नठहरिएला । साँच्चै यी विवादका विषय हुन् भने यिनको समाधान आपसी वार्ता र संवादबाटमात्र सम्भव हुन सक्ने कुरामा दुई मत हुन सक्दैन । एक अर्काप्रतिको विष वमनले समाधानको चूरो पहिल्याउन नसकिने पक्का छ। वर्तमान अवस्थामा एउटा प्रश्न उठ्छ, नेपालले अहिले नै यो विषयको उठान किन गर्‍यो ? कोरोनाले थलिएको अवस्था यो विषयको उठानका लागि सर्वाधिक उपयुक्त समय हो त ? प्रश्न अर्को पनि उठ्छ, गत कार्तिकतिरै नेपालले यसम्बन्धमा कूटनीतिक पहल किन थालेन ? कुरो गर्भभित्रै छ। अनुमान जे पनि लगाउन सकिएला। तर भन्नेहरुल त के पनि भन्छन् भने कोरोना व्यवस्थापनमा असफल ठहरिएको वर्तमान सरकारले आम जनताको ध्यान अन्यत्रै मोड्न र कथित राष्ट्रवादको हौवा पिट्न नक्शाको अश्त्र प्रयोग गरेको हो।

सामान्यतया देशभित्र यदाकदा यससम्बन्धी आवाज उठदा नेपाल सरकार थोरै गम्भीरजस्तो देखिए पनि अरुबेला कानमा कपास कोचेर बस्ने गरेको कुराबाट कोही अनभिज्ञ छैनन् । अहिले पनि भएको त्यही हो । जनस्तरबाट लिपुलेक र त्यहाँको सडकबारे आवाज उठाइएपछि सरकार गम्भीर भएकोजस्तो देखिएको हो। यस मुद्दामा सर्वसाधारण नेपालीले सरकारलाई सहयोग गरेकै छन्, यसमा विमति हुन सक्दैन। नेपालको भूमी निश्चितरुपले नेपाली नक्शामा समेटिनु जरुरी छ। तर यसो गरिँदा भार तसँगको सम्बन्धलाई गिजोल्ने प्रयत्न कहीँ कतैबाट पनि हुनु हुँदैन। यसका लागि कूटनीतिका माध्यमबाट संवादलाई निरन्तरता प्रदान गर्नु जरुरी छ। यसका लागि सरकारले पहिला देशभित्रै उपयुक्त वातावरणको निर्माण गर्नु अपरिहार्य छ। सबैलाई विश्वासमा लिनु आवश्यक छ र सरकारले यस दिशामा सार्थक पहल थाल्नु युक्तिसंगत हुन्छ। यस दिशामा मधेशका मुद्दा सम्बोधनका दृष्टिले संसदमा प्रस्तुत् संविधान संशोधनको मुद्दालाई सम्मानजनक ढंगले टुंगोमा पुर्‍याउन सरकारी पहल अपेक्षित हुन्छ।

# क्वारेन्टाइन हो कि मान्छे मार्ने कन्सन्ट्रेसन क्याम्प?



गगन थापा

> ***यतिका दिनसम्म लकडाउन गरिसकेपछि संक्रमितको संख्या बढ्दै गएपछि कुन अस्पतालमा उपचारका लागि कुन सामग्री थपियो? कति जनशक्तिको व्यवस्थापन गरियो? यसको जवाफ चाहिन्छ।***

नेपालभन्दा बाहिर कोभिड १९ बाट १२७ जना नेपालीको मृत्यु भएको छ। स्वास्थ्य मन्त्रालय भन्छ( नेपालभित्र १४ जनाको मृत्यु भएको छ। ३ हजार ७ सय ६२ जना संक्रमित भएका छन्। के मृत्यु हुनेको संख्या १४ मात्रै हो?

भोकबाट मारिएका सूर्यबहादुर तामाङ, भुण्डिएर मरेका चन्द्रबहादुर परियार, औषधि खान नपाएर मरेकी गंगादेवी बोहरा, सुत्केरी हुन नपाएर मरेकी लालकुमारी रोकायाको मृत्युको जिम्मा कसले लिन्छ? क्वारेन्टाइनमा मृत्यु भएकी सुनिता लोहारको मृत्युको जिम्मा कसले लिन्छ? र, भुण्डियर मर्न बाध्य भएका लिलाबल्लो भण्डारी वा आत्मदाह गर्न बाध्य भएका सिद्धार्थ आउजीको मृत्युको जिम्मा कसले लिन्छ? यी प्रतिनिधि घटना मात्रै हुन्। यस्तो धेरै देख्न बाँकी छ।

माघ २१ गतेदेखि कांग्रेसले उठाएको आवाजहरु सम्झन्छौं। फागुन २३ गते सदनमा सार्वजनिक महत्त्वको प्रस्तावमाथि सम्झन्छौं। उच्च स्तरीय समितिलाई बुझाएको प्रस्ताव सम्झन्छौं। कांग्रेसले मात्रै होइन, धेरैले सरकारलाई सुझाब दिए। सरकारलाई यो गर, यो गर भन्यौं। तर, सरकारले सुनेन। न कांग्रेसको सुन्यो, न अदालतको सुन्यो, न प्रेसको सुन्यो ,न नागरिकको सुझाब सुन्यो। नियन्त्रणमा रहँदारहँदै पनि आज हाम्रो यो अवस्था बनेको छ।

यो अवस्था त्यसै भएको होइन। यसको दोष कसको? कानुनले गर्दा रोकेको हो? ढुकुटीमा पैसा नभएर रोकिएको हो? के कांग्रेसले रोकेको हो? अदालतले रोकेको हो? कसले रोकेको हो? यो रोकेको हो, सबैकुरा म जान्दछु भन्ने प्रधानमन्त्रीको अहंकारले रोकेको हो। सरकारको अकर्मण्यताले रोकेको हो।

सरकारको अक्षमताका कारणले गर्दा आज हामीले यो अवस्था व्यहोर्नुपरेको छ।कांग्रेस केन्द्रीय समितिले सोमबार बैठक गरेर निष्कर्ष निकालेको छ। यो सरकारले कोरोनालाई पार लगाउन सक्देन। अब हामी सहयोग गर्छौंसहयोग गर्छौं भनेर मात्रै बस्देनौं। अब हामी प्रश्न गर्छौं। उत्तर चाहन्छौं। सरकारलाई जवाफदेही बनाएरै छाड्छौं।

१० अर्ब रुपैयाँ खर्च कहाँ भयो? अब हामीलाई उत्तर चाहिन्छ। पाँचवटा पिसीआर मेसिन र २५ हजार वटा किट किनेर १० अर्बको हिसाबकिताब देखाउन पर्दैन? हामीलाई एकएक कुराको हिसाबकिताब चाहिन्छ। यस्तो राष्ट्रिय विपतिको बेलामा भ्रष्टचारमा लिप्त हुने? निर्लज्जताको पराकाष्ठ हो।

क्वारेन्टाइनमा एक लाख ६६ हजार मानिसहरु बस्छन् भनेर प्रधानमन्त्रीले संसदमा भन्नुहुन्छ। यो क्वारेन्टाइन हो कि मान्छे मार्ने कन्सन्ट्रेसन क्याम्प हो? हामीलाई यसको जवाफ चाहिन्छ। भारतबाट आएका नागरिकलाई गर्ने व्यवहार यही हो? अदालतले भन्यो, संसदले भन्यो, विज्ञले भने, 'पिसिआर टेस्टको दायरा बढाऊ।'

आज सुदूरपश्चिममा कैयन दिनदेखि स्वाब परीक्षण रोकिएको छ। प्रदेश २ मा दशौं हजारको रिपोर्ट नआएर क्वारेन्टाइनमा छटपटाएर बसेका छन्। तर सरकार के गर्दैछ? परीक्षणको दायरा सानो बनाउँदैछ। अब सरकार क्वारेन्टाइनमा बस्नेको पिसीआरको परीक्षण नगर्ने भन्दैछ। अब मृतकको स्वाब परीक्षण नगर्ने भन्दैछ। संक्रमितलाई १४ दिन आइसोलेसनमा राखिसकेपछि घर पठाउने बेलामा परीक्षण नगर्ने भनिएको छ। बरु सरकारले टेस्ट गर्नै बन्द गरिदिए हुन्छ। अनि नेपाललाई 'कोरोना फ्रि देश' भनिदिने। परीक्षण नभएपछि संक्रमण एक जनाको पनि देखिन्न। अब कांग्रेसलाई जवाफ चाहिन्छ। यसो गर्नलाई प्रधानमन्त्रीले भन्नुभएको हो? स्वास्थ्यमन्त्रीले भन्नुभएको हो? भोलि एकरदुई जना निर्धो कर्मचारीलाई सरुवा गरेर दोषबाट, अपराधबाट भाग्न पाइँदैन।

विज्ञहरुले भनिरहेका छन आरडिटी परीक्षण काम लाग्दैन। न यो विश्वसनीय छ, न यो संत्रमणको बेलामा औचित्य छ। तर जबर्जस्ती परीक्षण गर्ने, यो अपराधको जिम्मेवारी कसले लिने हो?

अस्पतालको तयारी खोई? यतिका दिनसम्म लकडाउन गरिसकेपछि संक्रमितको संख्या बढ्दै गएपछि कुन अस्पतालमा उपचारका लागि कुन सामग्री थपियो? कति जनशक्तिको व्यवस्थापन गरियो? यसको जवाफ चाहिन्छ। विदेशमा बस्ने नेपालीलाई ल्याउने निर्णय गरियो। अहिले कुन एयरलाइन्सले बोक्ने भन्ने झगडा गरेर आउन ठिक्क परेकामाथि बज्रपात गर्ने? जवाफ चाहिन्छ।

गर्भवती महिलादेखि खोप पाउने बालिकासम्म, दीर्घरोगीले औषधि किन पाएनन्? जवाफ चाहिन्छ। कृषक, मजदुर, साना उद्योगी, ठूला उद्योगी, व्यवसायीसम्मले प्रधानमन्त्रीको गीत र कविताले राहत पाउँदैनन्। तिनको लागि कार्यक्रम के छ? जवाफ चाहिन्छ।

प्रश्न केवल प्रश्नका लागि होइन। उच्च स्तरीय समितिलाई हामी चिन्दैनौं। हामीलाई सदनमा आएर चिनाउनुपर्छ। उच्चस्तरीय समितिका प्रमुखले हामीले राखेका प्रश्नको एकरएक जवाफ दिनुपर्छ। जवाफमा चित्त बुझेन भने प्रधानमन्त्री सदनमा आउनुपर्छ। आज जवाफका लागि अनुरोध मात्रै कांग्रेसले गरेको छ। हाम्रो कुराको सुनवाई भएन र जवाफमा चित्त बुझेन भने हामी जवाफ मागेर मात्रै अब बस्दैनौं। थपक्क बोलेर थपक्क बस्ने दिन अब गए। सरकारले कांग्रेसले उठाएका विषयमा जवाफ दिएपछि मात्रै सबै कुरा सुचारु हुने ठाउँसम्म पुगिन्छ। सरकारले सोचोस्। तयारी गरोस्। कांग्रेसले सरकारलाई सुतेर बस्न दिदैन भन्ने सरकारले बुझोस्।

*(प्रतिनिधि सभामा कांग्रेस नेता थापाले राखेको धारणाको सम्पादित अंश)*

# के कोइला प्रयोगको अन्त्य गराउला ?

*बिबिसी ⁄ जस्टिन राउलट*

कोरोनाभाइरस सङ्कटले हामीले ऊर्जा उपभोग गर्ने तरिकामा कम्तीमा अहिलेका लागि परिवर्तन ल्याइदिएको छ। तर के यो विश्वव्यापी महामारीले जीवाश्म इन्धनमध्ये सबैभन्दा बढी प्रदूषण गराउने कोइलालाई सधैँका लागि अन्त्य गराउला?

कोभिड(१९ को सङ्कट हामी सबैका लागि असाधारण र डरलाग्दो समय रहेको छ। तर वातावरणीय दृष्टिकोणले यो राम्रो समय भएको देखिएको छ।हामी सबैले अरू बेलामा भन्दा स्वच्छ हावा र सफा आकाशहरू भएको महसुस गर्न पाइरहेका छौँ।

तिनीहरू यो कुराको स्पष्ट प्रमाण हुन् कि ऊर्जा उपभोगको मामिलामा हामी फरक अभ्यासबाट सङ्कटले

करोडौँ मानिस घरभित्रै सीमित हुँदा अनपेक्षित रूपमा विद्युत्सहितका ऊर्जाको मागमा कमी आएको छ ।र, यसले ऊर्जा अर्थतन्त्रबारे महत्त्वपूर्ण कुरा खुलासा गरिदिएको छः कोइलामाथिको जोखिम, जुन इन्धनले आधुनिक संसारको निर्माणमा सघाएको छ।

केही औद्योगिक पर्यवेक्षकले कोरोनाभाइरस महामारीबाट कोइला फेरि पुरानो अवस्थामा फर्कन नसक्ने पनि भनिरहेका छन्।

आउनुहोस् विश्वभरि थुप्रिरहेका प्रमाणलाई नियालौँ।यो रिपोर्ट लेख्ने बेलासम्म ब्रिटेनको विद्युतीय ग्रिडले ६० दिनसम्म कोइला बाल्ने छैन त्यो भनेको जुन महिनाको १० तारिखसम्म हो।

दुई सय वर्षभन्दा अघि शुरू भएको औद्योगिक क्रान्तियता यति समयसम्म कोइला नबालिएको यो पहिलो अवसर हो।मैले राष्ट्रिय ग्रिडका अधिकारीहरूसँग कुरा गर्दा उनीहरूले कोइलाबाट चल्ने जेनेरेटर तत्काल प्रयोगमा आउने जस्तो नलागेको बताए।

उद्योगहरूलाई सघाउने राष्ट्रपति डोनल्ड ट्रम्पको प्रयत्नहरूका बीच संयुक्त राज्य अमेरिकामा कोइलाबाट भन्दा नवीकरणीय स्रोतबाट बढी ऊर्जा उपभोग गरिएको छ।त्यसविपरीत एक दशकअघि मात्र अमेरिकामा आधा जति बिजुली कोइलाबाट उत्पादन हुने गरेको थियो।

कोइला प्रयोगमा एकदमै तीव्र गतिमा बढिरहेको भारतमा समेत इन्धनको माग नाटकीय रूपमा घटेको छ।जसबाट ३७



वर्षयता पहिलो पटक कार्बन डाइअक्साइड उत्सर्जनमा कटौतीमा मद्दत पुगेको छ।त्यसको तात्कालिक कारण भनेको लकडाउन हो।

तर ऊर्जा अर्थविद्हरूलाई अचम्म पारिरहेको कुरा चाहिँ कसरी विद्युतको माग घट्दा कोइला प्रयोगमाथि सबभन्दा धेरै प्रभाव परिरहेको छ भन्ने नै हो।अनि यो प्रवृत्ति विश्वव्यापी छ।

अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सी (आईईए) का अनुसार द्वितीय विश्वयुद्धयताकै विश्वव्यापी कोइला खपतमा सबैभन्दा ठूलो गिरावट आएको छ। आईईएका कार्यकारी निर्देशक फातिह बिरोलका अनुसार नवीकरणीय ऊर्जाले मात्रै पकड कायम गरिरहेको देखिएको छ।

**हरित ऊर्जा?**

कोरोनाभाइरस महामारीभन्दा अघि पनि यो प्रवृत्ति देखिरहेको थियो। गत वर्ष कोइलाबाट हुने बिजुली उत्पादनमा विश्वव्यापी सबैभन्दा ठूलो गिरावट देखिएको थियो।

अनि मुख्य कुरा चाहिँ कोइलाभन्दा अन्य स्रोतप्रतिको बढ्दो निर्भरता जनाउने यो परिवर्तन असल नियतकासाथ अभियान चलाइरहेका वातावरणवादीहरूको कारण भइरहेको छैन ( थोरै भूमिका उनीहरूको भएपनि।अर्थशास्त्रीहरूका अनुसार महत्त्वपूर्ण विषय भनेको ऊर्जाका विभिन्न स्रोतमा हुने "खर्चको अन्तर" हो।

कुरा स्पष्ट छः एक पटक तपाईँले ऊर्जा केन्द्र निर्माण गरिसकेपछि वायु, पानी अथवा घामबाट चल्नेवालाभन्दा इन्धन चाहिनेलाई सञ्चालन गर्न महँगो पर्छ।

यसबारे सोच्नुहोस् त। बाल्नका लागि तपाईँले कोइला किनिरहनुपर्छ। तर एक पटक तपाईँले विन्ड टर्बाइन, सोलर प्यानल अथवा जलविद्युत केन्द्र खडा गरेपछि त्यसबाट निःशुल्क बिजुली उत्पादन भइरहन्छ।

त्यसमा बल पुर्‍याउने अर्को तथ्य के हो भने नयाँ कोइलाभन्दा नवीकरणीय ऊर्जा सस्तो हुन्छ। र, हरेक वर्ष त्यो अझ सस्तो हुँदै गएको छ।

यसै महिना भारतीय सरकारले चौबीसै घण्टा बिजुली आपूर्तिका लागि बोलपत्र आह्वान गरेको थियो ।

उर्जा विश्लेषक सुनिल दाहियाका अनुसार ब्याट्रीसहितको सोलरको मूल्य कोइलाबाट उत्पादित ऊर्जाभन्दा सस्तो देखियो। यदि यो कुरा संसारमा अन्त दोहोरिन्छ भने कोइलाको अन्त्य हुन्छ।यदि विद्युत्को माग बढ्ने भयो भने धेरैभन्दा धेरै देशहरूले नवीकरणीय ऊर्जामा खर्च गर्नेछन्।

तर यदि महामारीका कारण अचानक बिजुलीको मागमा कमी आयो अथवा वायु ऊर्जाबाट अपेक्षाभन्दा बढी बिजुली उत्पादन भयो भने कोइलाबाट बिजुली उत्पादन गर्ने केन्द्रहरू बन्द हुनेछन्।

धेरै देशहरूले आफ्ना विद्युतीय ग्रिडमा नवीकरणीय ऊर्जालाई प्राथमिकता दिइसकेका छन्।

ऊर्जा विश्लेषक दाहियाका अनुसार कोरोनाभाइरस महामारीका कारण भारतमा कोइला उद्योगहरू टाट पल्टिसकेका छन्। "कोइलामा आधारित ऊर्जा केन्द्रहरूले आफ्नो क्षमताको ६० प्रतिशतभन्दा कम उत्पादन गरिरहेका छन्।

आफूहरूले लिएको पैसा तिर्न सक्ने अवस्थामा तिनीहरू छैनन्," दाहियाले थपे।

कम्पनीहरूले जस्तै सरकारहरूले पैसा कमाउनका लागि दबावको सामना गर्दैनन्। खासगरी धेरै प्रदूषण नित्याउने उद्योगहरूलाई सधैँ सहुलियत दिइरहन सरकारहरू विरलै चाहन्छन् ।

# अहिले खर्च होइन, कोभिड -१९ को चिन्ता गरौँः प्रधानमन्त्री ओली

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले कोरोना नियन्त्रण, रोकथाम र उपचारका लागि भएको खर्चमा नभई कोभिड- १९बारे चिन्ता लिन सांसदसँग आग्रह गर्नुभएको छ । प्रतिनिधिसभामा विनियोजन विधेयक, २०७७ अन्तर्गत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्, राष्ट्रिय योजना आयोगको सचिवालय एवं राष्ट्रपति र उपराष्ट्रपति कार्यालयको शीर्षकमाथि उठेका प्रश्नको जवाफका क्रममा उहाँले भन्नुभयो, कहीँ कतै दुरुपयोग भएकै हुन सक्दैन भनेर म दावी गर्दिन, भएकै छ भनेर सोच्नुपर्ने स्थिति पनि देखिदन, अहिले कोरोना रोकथाम र उपचारका लागि भएको खर्चको हिसाबको चिन्ता नगरौँ, कोभिड- १९ को चिन्ता गरौँ ।



राष्ट्रिय संकटका बेला, सिङ्गो दुनियाँमा यस्तो विपद् आइलागेका बेला यदि कसैले भ्रष्टाचार गर्छ भने कुनै हालतमा सह्य हुन नसक्ने बताउँदै उहाँले भ्रष्टाचारमा संलग्न जो कोहीलाई पनि कारवाहीको दायरामा ल्याइने दृढता व्यक्त गर्नुभयो ।

**हिसाब लेखापरीक्षक र आन्तरिक लेखा परीक्षण**

कोरोना नियन्त्रण र रोकथामका लागि भएको खर्चको हिसाब महालेखा परीक्षकको वार्षिक प्रतिवेदन र आन्तरिक लेखा परीक्षकबाट हुने व्यवस्था रहेको जानकारी दिँदै उहाँले अहिले भएको खर्चमा पारदर्शिता कायम गरिने भएकाले चिन्ता नगर्न उहाँले सांसदलाई सुझाव दिनुभयो ।

नेपालमा हालसम्म पहिचान भएकामध्ये ८५ प्रतिशतभन्दा बढी भारतबाट आएका व्यक्तिमा कोभिड -१९ संक्रमण भेटिएको बताउँदै प्रधानमन्त्री ओलीले ठूलो संख्यामा परीक्षण गर्नुपरेका कारण केही अव्यवस्था देखिए पनि व्यवस्थापनमा सुधार ल्याउने प्रयास भइरहेको जानकारी दिनुभयो । कोभिड -१९ संक्रमणलगत्तै भारतबाट हालसम्म दुई लाख २२ हजार ६१४ जना नेपाली स्वदेश आएकामा हाल दैनिक पाँच हजार हाराहारीमा आएका छन् । एकलाख ६५ हजार ७७५ जना क्वारेन्टाइनमा छन् । ठूलो संख्यामा एकैपटक क्वारेन्टिनमा राख्नुपरेको र पिसिआर टेष्ट गर्नुगरेको बताउँदै प्रधानमन्त्री ओलीले हालसम्म चार हजार ८५ जनामा कोरोना संक्रमण भेटिएको र संक्रमितमध्ये ५८४ जना उपचारपछि निको भएर घर फर्केको जानकारी दिनुभयो ।

**नेपालीमा प्रतिरोध क्षमता राम्रो**

मृत्यु भएका १५ जना कोरोनाकै मात्रै कारणबाट नभई कतिपय अरु रोगबाट सिकिस्त हुँदा कोरोना संक्रमण भएको बताउँदै उहाँले मृत्यु हुनेको संख्याको तुलनामा निको भएर फर्कनेको संख्या निकै राम्रो भएको उल्लेख गर्नुभयो । नेपालीमा प्रतिरोध क्षमता र उपचारको प्रबन्ध निकै राम्रो भएकाले संक्रमित र अरु देशको तुलनामा मृत्यु हुनेको संख्या आगामी दिनमा ठूलो नहुने जिकिर गर्नुभयो । विदेशमा १४ हजार ४१४ गैरआवासीय नेपालीमा कोरोना संक्रमण रहेको तथा १३ मुलुकमा १२७ नेपालीको निधन भएको, अहिले दैनिक पाँच हजारको संख्यामा कोरोना परीक्षण भइरहेको र नयाँ प्रविधिको प्रयोग गर्ने विषयमा सरकारले तदारुकताका साथ काम भइरहेको जानकारी प्रधानमन्त्रीले दिनुभयो ।

उहाँका अनुसार अहिलेसम्म पिसिआर प्रविधिबाट एक लाख ६ हजारभन्दा बढीको स्वास्थ्य परीक्षण गरिएको छ । अहिले क्वारेन्टाइनको क्षमता दुई लाख ३५ हजार ५९६ तयार गरिएको छ । सरकारी र निजी क्षेत्रका गरी अहिले मुलुकमा आठ हजार ३३ सामान्य शय्या र नौ सय भेन्टिलेटर छन् । एक सय चौरानब्बे अस्पतालमा एक हजार सात सय आइसियुको व्यवस्था छ ।

**योजना आयोगको प्रभावकारिता बढ्दो**

प्रधानमन्त्री ओलीले राष्ट्रिय योजना आयोगले सरकारले दिएको समृद्ध नेपाल र सुखी नेपालीको कार्यक्रमलाई समय कार्यतालिका बनाएर पूरा गर्न योजनाबद्ध ढंगले अघि बढिरहेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "आयोगले पञ्चवर्षीय योजना बनाएको छ, अनुगमन, मूल्याङ्कन, योजना बैंकमार्फत योजना बनाउने काम गरिरहेको छ । अत्यन्तै व्यवस्थित ढंगले योजना र कामलाई अघि बढाएको छ ।"

आगामी आर्थिक वर्षको बजेटमा रकमको विनियोजन उपयुक्त ढंगले भएको पनि उहाँले बताउनुभयो ।

राष्ट्रिय समस्यामा सरकारको गम्भीरताका साथ ध्यान गएको बताउँदै उहाँले भ्रष्टाचार नियन्त्रण गर्न र शान्ति सुव्यवस्था कायम गर्न सरकार तत्पर छ भन्नुभयो । भ्रष्टाचारमा संलग्नलाई कारवाहीको दायरामा ल्याइएको पनि उहाँले बताउनुभयो ।रासस

## प्रतिपक्षका सबै खर्च कटौती प्रस्ताव अस्वीकृत

काठमाण्डु । प्रतिनिधि सभाले विनियोजन विधेयक, २०७७ अन्तर्गत विभिन्न मन्त्रालयका शीर्षकमा प्रतिपक्ष दलका सदस्यद्वारा प्रस्तुत २६ वटे खर्च कटौतीसम्बन्धी प्रस्ताव अस्वीकृत गरेको छ । सभामुख अग्निप्रसाद सापकोटाले ती प्रस्ताव बेठकमा निर्णयार्थ प्रस्तुत गर्नुभएकामा सदनको बहुमतले अस्वीकृत गरेको हो ।

उक्त खर्च कटौतीसम्बन्धी प्रस्ताव नेपाली कांग्रेसका पुष्पा भुसाल, उमा रेग्मी, सञ्जयकुमार गौतम, लक्ष्मी परियार, सुजाता परियार, डा मीनेन्द्रप्रसाद रिजाल, बहादुरसिंह लामा, डिला सङ्ग्रौला, राजेन्द्रकुमार केसी र देवेन्द्रराज कँडेलले प्रस्तुत गर्नुभएको थियो । सोही दलका मीनबहादुर विश्वकर्मा, पार्वता डिसी चौधरी, पद्मनारायण चौधरी, ज्ञानेन्द्रबहादुर कार्की, गगनकुमार थापा, अतहरकमाल मुसलमान, डा नारायण खड्का, दिलेन्द्रप्रसाद बडू, भीमसेनदास प्रधान, रङ्गमती शाही र प्रकाशमान सिंहले विनियोजन विधेयकका विभिन्न शीर्षकमा खर्च कटौतीसम्बन्धी प्रस्ताव राख्नुभएको थियो ।

राष्ट्रिय जनमोर्चाका दुर्गा पौडेल, नेपाल मजदूर किसान पार्टीका प्रेम सुवाल, समाजवादी पार्टीका प्रदीप यादव र रामबाबुकुमार यादवको खर्च कटौती प्रस्तावलाई पनि सदनले अस्वीकृत गरेको छ । रासस

# विनियोजन विधेयक, २०७७ पारित

काठमाण्डु । प्रतिनिधिसभाले विनियोजन विधेयक, २०७७ लाई पारित गरेको छ । प्रतिनिधिसभाको बुधबारको बेठकमा सभामुख अग्निप्रसाद सापकोटाले उक्त विधेयक निर्णयार्थ प्रस्तुत गर्नुभएकामा सदनले बहुमतले पारित गरेको हो । यसअघि अर्थमन्त्री डा युवराज खतिवडाले बैठकमा उक्त विनियोजन विधेयक पारित गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्नुभएको थियो ।



बैठकमा सभामुखले उक्त प्रस्ताव बहुमतले पारित भएको घोषणा गर्नुभयो । संवैधानिक व्यवस्थानुसार अर्थमन्त्री डा खतिवडाले यही जेठ १५ गते सङ्घीय संसद्को संयुक्त सदनमा आगामी आर्थिक वर्ष २०७७/७८ को राजश्व र व्ययको वार्षिक विवरण(बजेट) प्रस्तुत गर्नुभएको थियो ।

सरकारले आगामी आवका लागि रु १४ खर्ब ७४ अर्ब ६४ करोडको बजेट प्रस्तुत गरेको थियो । उक्त बजेटमा चालुतर्फ रु नौ खर्ब ४८ अर्ब ९४ करोड र पूँजीगततर्फ ३ खर्ब ५२ अर्ब ९१ करोड विनियोजन गरिएको छ । बजेटमा वित्तीय व्यवस्थातर्फ रु एक खर्ब ७२ अर्ब ७९ करोड व्यवस्थापन गरिएको छ । बजेटका स्रोतमध्ये राजश्वबाट रु आठ खर्ब ८९ अर्ब ६२ करोड र वैदेशिक अनुदानबाट रु ६० अर्ब ५२ करोड सङ्कलन हुने अनुमान गरिएको छ ।

विनियोजन विधेयकमाथि प्रतिपक्ष दलका सदस्यले २६ खर्च कटौतीसम्बन्धी राख्नुभएको प्रस्तावलाई सभाको बहुमतले अस्वीकृत गर्‍यो । विनियोजन विधेयकका विभिन्न शीर्षकमाथि यही जेठ २३, २४ र २५ गते सदनमा छलफल भएको थियो भने तिनमाथि उठेका प्रश्नको सम्बन्धित मन्त्रीले जेठ २७ र २८ गते जवाफ दिनुभयो ।

प्रतिनिधिसभामा विनियोजन विधेयक, २०७७ अन्तर्गत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्, राष्ट्रिय योजना आयोगको सचिवालय एवं राष्ट्रपति र उपराष्ट्रपति कार्यालयका शीर्षकमाथि उठेका प्रश्नको प्रधानमन्त्री केपी शर्मा ओलीले जवाफ दिनुभएको थियो ।रासस

# अतिक्रमित भूभाग कूटनीतिक आधारमा फिर्ता लिन्छौँ

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले नेपालका लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्र भारतले आफ्नो सेना राखेर कब्जा गरेको बताउँदै सरकारले तिनलाई कूटनीतिक माध्यमबाट फिर्ता लिने स्पष्ट पार्नुभएको छ ।

विनियोजन विधेयक, २०७७ अन्तर्गत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोगको सचिवालय, राष्ट्रपतिको कार्यालय एवं उपराष्ट्रपतिको कार्यालयका विभिन्न शीर्षकमाथिको छलफलमा उठेका प्रश्नको बुधबार स्पष्टीकरण दिँदै उहाँले अरु कतिपय सीमा क्षेत्रमा देखिएका विवाद र नेपालमा डुबान हुने गरी भारतले सिमानामा निर्माण गरेका संरचनाका सम्बन्धमा पनि वार्ता गरिने जानकारी दिनुभयो ।



प्रधानमन्त्री ओलीले भारतले रुचि नदेखाउँदा नेपाल-भारत बीचका सवालबारे अध्ययन गरी सुझाव पेश गर्न गठित प्रबुद्ध व्यक्ति समूहले बनाएको प्रतिवेदन बुझ्न ढिलाइ भएको धारणा व्यक्त गर्नुभयो ।

स्पष्टीकरणकै सन्दर्भमा उहाँले सरकार वा सीमित निकायले मात्र कोरोना महामारी रोकथाम र उपचार सम्भव नहुने भएकाले सरकारले यसका लागि विशेष संरचना स्थापना गरी काम अघि बढाएको स्पष्ट पार्नुभयो ।

सेना राज्यको एक अंग भएको र अहिलेको संकटमा राज्यका सबै अंग परिचालन गरिएका सन्दर्भमा नेपाली सेनालाई परिचालन गरिएको र यसमा गृह मन्त्रालयको भूमिका नखोसिएको स्पष्ट गर्नुभयो । प्रधानमन्त्री ओलीले अहिले सेना आफूलाई चाहिने सामग्रीमा आत्मनिर्भर हुनेतर्फ उन्मुख भएकाले यसलाई व्यापारीकरण भयो भन्न नहुने समेत बताउनुभयो ।

कतिपय व्यक्तिले सरकारलाई विनाआधार विभिन्न व्यापारिक समूहसँग जोड्ने गरेकामा असन्तुष्टि व्यक्त गर्दै उहाँले त्यसमा वास्तविकता बुझेर मात्र बोल्न आग्रह गर्नुभयो । एमसिसी सम्झौता अघिल्लो सरकारले गरेको बताउँदै वर्तमान सरकारले अन्य निर्णय नगरेसम्म त्यसको वैधता पालना हुने उहाँले स्पष्ट पार्नुभयो ।

स्वास्थ्य सामग्री खरीद प्रक्रियामा अनियमितता भएको देखिएमा छानबिन गरी कारवाही गरिने बताउँदै उहाँले केही व्यक्तिले भने विरोधका लागि मात्र सधैं विरोध गर्ने गरेकामा असन्तुष्टि व्यक्त गर्नुभयो ।

राष्ट्रपतिलाई सम्मानित संस्थाका रूपमा लिनुपर्ने बताउँदै प्रधानमन्त्री ओलीले ससाना निहुँमा राष्ट्रपतिको विरोध गर्ने कामलाई आफूले गणतन्त्रविरुद्धका रूपमा लिएको धारणा व्यक्त गर्नुभयो ।

एक फरक प्रसंगमा उहाँले नेपालीको खाना परिकार तथा वातावरणीय रहनसहनका कारण प्रतिरोधी क्षमता बढी भएको उल्लेख गर्दै यसले निरोग रहन मद्धत गर्ने बताउनुभयो ।

स्पष्टीकरणका क्रममा उहाँले प्रधानमन्त्री र मन्त्रीले प्रतिनिधित्व गर्ने जिल्ला र क्षेत्रमा बढी बजेट विनियोजन गरियो भन्ने कुरा उचित नभएको बताउँदै आफू सिंगो देश विकासमा लागेको स्पष्ट पार्नुभयो ।

संवैधानिक आयोगमा पदाधिकारी नियुक्तिमा ढिलाइ भएको भन्ने सम्बन्धमा प्रधानमन्त्री ओलीले सहमतिका साथ काम गर्न खोज्दा केही ढिला देखिए पनि अब सहमति हुँदै गएको र छिट्टै नियुक्ति हुने बताउनुभयो ।

बैठकमा सांसद डा अमरेशकुमार सिंह, रङ्गमती शाही, प्रेम सुवाल, दुर्गा पौडेल, प्रकाशमान सिंह, गगनकुमार थापा, बालकृष्ण खाण, उमा रेग्मी, पार्वता डिसी चौधरी, सञ्जयकुमार गौतम, देवप्रसाद तिमिल्सिना, प्रदीप यादव, महेन्द्रकुमारी लिम्बू, राजेन्द्रप्रसाद लिङ्देन, उमाकान्त चौधरी, दिलेन्द्रप्रसाद बडू, सरिता गिरी, डा मीनेन्द्रप्रसाद रिजाल, राजेन्द्रकुमार केसी र लक्ष्मी परियारले प्रधानमन्त्रीको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्नुभएको थियो ।रासस

## 'राष्ट्रियताका सम्बन्धमा देखिएको एकताप्रति गर्व छ'

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले राष्ट्रियताका सवालमा मङ्गलबार प्रतिनिधिसभामा देखिएको अभूतपूर्व एकताप्रति गर्व महसुस भएको बताउनुभएको छ ।

विनियोजन विधेयक, २०७७ अन्तर्गत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा सम्बन्धित निकायका शीर्षकमाथिको छलफलमा उठेका प्रश्नको जवाफ दिनुअघि प्रतिनिधिसभा बैठकमा उहाँले सभामा देखिएको असाधारण एकताले आजका राष्ट्रियता र कोभिड -१९ वा यसले उत्पन्न गरेका जटिलताको सामना गर्न हौसला प्रदान गरेको बताउनुभयो ।

सरकारले नेपालको नयाँ नक्शानुसार संविधानको अनुसूची सच्याउन प्रतिनिधिसभामा पेश गरेको संविधान संशोधन प्रस्तावप्रति मंगलबारको बैठकमा सबै दलले सहमति जनाएका थिए ।

प्रधानमन्त्री ओलीले भन्नुभयो, "दलीय व्यवस्थामा यस्ता एकता कहिलेकहिले मात्र देख्न पाइन्छ तर हाम्रो संसद् यस्ता मामलामा गम्भीर छ । आवश्यक परेको बेला एकताबद्ध भएर अघि बढ्न सक्छ भन्ने यस घटनाले देखाएको छ । यसका लागि सबै सांसद र सदनलाई धन्यवाद दिँदै आभार प्रकट गर्दछु ।"

उहाँले संसद्भन्दा बाहिर पनि देखिएको एकताका लागि सबैलाई धन्यवाद दिँदै खुशी व्यक्त गर्नुभयो । रासस

# प्रधानमन्त्री कार्यालय मातहतका निकायको प्रभावकारिता बढ्दो

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गतका निकायको प्रभावकारिता बढेको बताउनुभएको छ ।

विनियोजन विधेयक, २०७७ अन्तर्गत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोगको सचिवालय, राष्ट्रपतिको कार्यालय एवं उपराष्ट्रपतिको कार्यालयका विभिन्न शीर्षकमाथिको छलफलमा उठेका प्रश्नको आज जवाफ दिँदै उहाँले यसमा सरकारका काम प्रभावकारी बढाउनेबाहेक अरु उद्देश्य नभएको स्पष्ट पार्नुभयो । प्रधानमन्त्री कार्यालय मातहत ल्याइएका निकायको अहिलेको काम प्रभावकारी ढंगले अघि बढेको उहाँको भनाइ थियो ।

शक्ति केन्द्रित गर्ने आफ्नो कुनै इच्छा नभएको बताउँदै प्रधानमन्त्रीले राष्ट्रिय अनुसन्धान, राजश्व अनुसन्धान र सम्पत्ति शुद्धीकरण विभाग, राष्ट्रिय सतर्कता केन्द्र, सार्वजनिक खरीद अनुगमनको कार्यालयलगायत निकायको काम प्रभावकारी रुपले अघि बढेकाले यसको औचित्य पुष्टि भएको छ भन्नुभयो ।

उहाँले भन्नुभयो, "हामी कोरोनाको सामना गर्न शुरुदेखि नै गम्भीर भएर लागेका छौँ । यसबाट पर्ने असर सबैलाई पर्छ । यसको सामना गर्नुपर्दा सबैको प्रयास आवश्यक छ । यसमा आएका सुझाव र टिप्पणीलाई नकारात्मक रूपमा लिनुपर्ने कारण छैन । हाम्रा प्रयास पनि शतप्रतिशत ठीक र सफल भएको भन्दिन तर हाम्रा प्रयास प्रभावकारी भएका हुनाले दुनियाँमा भयावह अवस्था हुँदा पनि यहाँ त्यस्तो अवस्था हुन पाएन ।

पहिलो कोरोना परीक्षण हङकङ पठाइएको र अहिले २१ परीक्षण केन्द्र नेपालमै रहेको बताउँदै प्रधानमन्त्री ओलीले केही कमजोरी देखिएमा त्यसलाई सच्याइने बताउनुभयो ।

उहाँले धेरै जनसंख्याका लागि एकैचोटि ठूलो मात्रामा क्वारेन्टिन व्यवस्थापन गर्नु सरल र सहज नभएको बताउँदै आज रोग नियन्त्रण व्यवस्थापन राम्रोसँग बन्दै गएको स्पष्ट गर्नुभयो ।रासस

# कोरोनाविरुद्ध अझै प्रभावकारी ढंगले काम गर्न ध्यानाकर्षण

काठमाण्डु । राष्ट्रियसभामा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का सुमनराज प्याकुरेलले कोरोना भाइरसको जोखिमबाट नागरिकलाई बचाउन सरकारले अहोरात्र खटेर काम गरेको जनाउँदै अझै प्रभावकारी ढंगले काम गर्न सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।

बुधबारको विशेष समयमा सांसद प्याकुरेलले सरकार भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको अभियान लिएर उभिएको र महामारीका समयमा जनताको सुरक्षाका लागि क्रियाशील भएको बताउनुभयो । नेकपाकै राधेश्याम पासवानले सरकारले जाजरकोट घटनाको सत्यतथ्य छानबिनका लागि समिति पनि गठन गरे पनि हालसम्म घटनामा पीडितले क्षतिपूर्ति नपाएको तथा

> ***नेकपाकै राधेश्याम पासवानले सरकारले जाजरकोट घटनाको सत्यतथ्य छानबिनका लागि समिति पनि गठन गरे पनि हालसम्म घटनामा पीडितले क्षतिपूर्ति नपाएको तथा अहिलेसम्म पानी छोएको निहुँमा निर्दोष मानिसमाथि कुटपिटका घटना भइरहेको प्रति ध्यानाकर्षण गराउनुभयो । सोही दलकी विमला घिमिरेले नेपालको सीमासँग जोडिएका जिल्लामा कोरोनाको जोखिम बढ्दै गएको र क्वारेन्टिनबाट आरडिटी मात्र गरेर ठीक नभई घर पठाउँदा घरसमाजबाट तिरस्कार हुनुपरेको अवस्था रहेको अवगत गराउनुभयो ।***

अहिलेसम्म पानी छोएको निहुँमा निर्दोष मानिसमाथि कुटपिटका घटना भइरहेको प्रति ध्यानाकर्षण गराउनुभयो ।

सोही दलकी विमला घिमिरेले नेपालको सीमासँग जोडिएका जिल्लामा कोरोनाको जोखिम बढ्दैगएको र क्वारेन्टिनबाट आरडिटी मात्र गरेर ठीक नभई घर पठाउँदा घरसमाजबाट तिरस्कार हुनुपरेको अवस्था रहेको अवगत गराउनुभयो । नेपाली काँग्रेसका रमेशजंग रायमाझीले कोरोना भाइरसको जोखिमबाट नागरिकलाई बचाउनका लागि आरडिटी असफल भएकाले पिसिआर परीक्षणलाई जोड दिन सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**अझै नागरिकताबाट वञ्चित**

सांसद शारदादेवी भट्टले सुदूरपश्चिममा भारतबाट नेपाल आउनेहरु अत्याधिक बढेको हुँदा पिसिआर परीक्षणलाई बढाउन तथा आइसोलेशन र क्वारेन्टिन विस्तारका विषयमा सरकारले गम्भीर भएर सोच्नुपर्ने जरुरी भएको बताउनुभयो ।

सांसद सिंहबहादुर विश्वकर्माले कोरोना भाइरसको परीक्षणका लागि पिसिआर परीक्षणलाई बढाउन सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद राधेश्याम अधिकारीले कोरोना भाइरसको जोखिमबाट बचाउन सरकारले बन्दाबन्दी गरेको ८० दिन पुगेको हुँदा नागरिकले बन्दाबन्दीप्रति विरोध गर्दा पक्राउ गर्ने र हिरासतमा राख्ने राख्ने गर्न नहुने बताउनुभयो । सांसद रामलखन चमारले जन्मका आधारमा नागरिकता पाएका र हाल नागरिकताबाट वञ्चितलाई नागरिकता प्रदान गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । रासस

## युवासङ्घद्वारा सांसद गिरीलाई कारवाही गर्न माग

काठमाण्डु । राष्ट्रिय युवासङ्घ नेपालले सङ्घीय सांसद सरिता गिरीलाई कारवाहीको माग गरेको छ ।

सङ्घका संयोजक रामप्रसाद सापकोटा र सहसंयोजक रमेश पौडेलले बुधबार विज्ञप्ति जारी गर्दै सङ्घीय सांसद गिरीले संवैधानिक, राष्ट्रहित प्रतिकूल एवं देशको स्वाभिमानमाथि आँच आउने अभिव्यक्ति दिएको भन्दै कारवाहीको माग गर्नुभएको हो ।

"संविधानको संरक्षण र पालना गर्ने सपथ खानुभएका सांसद गिरीले नेपालको सार्वभौमसत्ता, अखण्डता र राष्ट्रिय एकताको विरुद्ध संसद्मा दिएको अभिव्यक्तिले जनप्रतिनिधिको हैसियतले नेपाली जनताको प्रतिनिधित्व गर्ने संवैधानिक र नैतिक हैसियत निज स्वयंले च्यूत गर्नुभएको हाम्रो सङ्गठनको ठहर रहेको छ", विज्ञप्तिमा भनिएको छ । सङ्घले गिरीजस्तो गैरजिम्मेवार व्यक्तिलाई संसद् सदस्यबाट अविलम्ब फिर्ता बोलाउनसमेत उनको पार्टीलाई अनुरोध गरेको छ । रासस


## राजर्षिजनक विश्वविद्यालय
### जनकपुरधाम, धनुषा

### घर जग्गा भाडामा लिने प्रस्ताव पत्र (सिलबन्दी दरभाउपत्र) सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति २०७७/०२/२९

राजर्षिजनक विश्वविद्यालयको केन्द्रीय कार्यालय र सो अन्तर्गत अन्य निकायहरुको लागि जनकपुरधाम उपमहानगरपालिका अन्तर्गत जिरोमाईल, बजरंग चोक, रामानन्द चोक, पिराडी चोक, भमरपुरा चोक, भानु चोक तथा मुरली चोक वरिपरि कम्तिमा १५ कोठा भएको घर जग्गा भाँडामा लिनु पर्ने आवश्यकता भएकोले यो सूचना प्रकाशित गरिएको छ ।घर जग्गा भाँडा दिन इच्छुक घर जग्गा धनिले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र विश्वविद्यालयको राष्ट्रिय वाणिज्य बैंक पिराडी चोक शाखा, जनकपुरधाममा रहेको च.हि.नं. १५२०००२२८१०१ मा रु. १०००।- (अक्षरेपी एक हजार मात्र फिर्ता नहुने) रकम जम्मा गरी सो को सक्कल भाउचर लिई विश्वविद्यालय प्रशासनबाट उपलब्ध हुने प्रस्ताव पत्र (दरभाउपत्र) बुझी रितपूर्वक भरेर उक्त म्याद भित्र सिलबन्दी गरी बुझाउनु हुन सूचित गरिन्छ ।म्याद भित्र प्राप्त नभएका र रितपूर्वक नपुगेका सिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही हुने छैन । सिलबन्दी दरभाउपत्रहरु दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा मिति २०७७/०३/१२ गते अपराह्न २ बजे कार्यालयमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थिति नभएमा पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन । दरभाउपत्र स्वीकृत गर्ने र नगर्ने सम्पूर्ण अधिकार यस विश्वविद्यालयमा निहित रहने छ । विशेष जानकारीकालागि यस विश्वविद्यालय प्रशासनमा सम्पर्क राख्न अनुरोध छ ।

सम्पर्क: ९८४४०५८५८६

रजिष्ट्रार

# "उहाँ विश्वलाई नै परिवर्तन गर्ने प्रेरणा हो"

एएफपी

होस्टन । अमेरिकामा हत्या गरिएका अश्वेत नागरिक जर्ज फ्लोएडको मंगलबार अन्त्येष्टि गरिएको छ । उहाँका इष्टमित्र, छिमेकी र समर्थकहरूले अन्त्येष्टि समारोहमा उहाँलाई "महान फ्लोएड" भन्दै स्मरण गरेका थिए । एक जना स्वेत प्रहरीले अश्वेत फ्लोएडलाई घाँटी थिचेर हत्या गरेको देखाउने भिडियो सार्वजनिक भएकाले उहाँको हत्या भएको दाबी गरिएको छ ।



होस्टन चर्चमा भएको अन्त्येष्टि समारोहमा भण्डै पाँच सय जना शुवेच्छुक तथा इष्टमित्रहरू सहभागी भएका थिए । उनीहरू सबैले कोरोनाभाइरसको संक्रमणबाट जोगिनका लागि मुखमा मास्क लगाएका थिए । हत्या भएको भण्डै दुई हप्तापछि उहाँको अन्त्येष्टि भएको हो । उहाँको हत्या भएको र अमेरिकामा अश्वेत नागरिकहरूलाई यस्तै अन्याय पटक पटक हुने गरेको भन्दै आन्दोलन भएको थियो ।

उनीहरूले यस्ता घटना फेरी फेरी दोहोरिन नदिन र फ्लोएडलाई न्याय दिन माग गरेका थिए । फ्लोएडको हत्याको विरुद्धमा प्रदर्शनमा उत्रिएकाहरूले अहिलेको आन्दोलनले विश्वव्यापी रुप लिएको र आगामी दिनमा यस्ता घटना हुन नदिन सहयोग गर्ने विश्वास व्यक्त गरेका छन् ।

अन्त्येष्टिमा सहभागीहरूको भनाई थियो, उहाँको हत्याका विरुद्धमा भएको आन्दोलनले यस्ता घटना न्युनिकरणका लागि सहयोग गर्ने विश्वास गर्न सकिन्छ । उनीहरूले ४६ वर्षीय फ्लोएड हत्या काण्ड र त्यसपछिको आन्दोलनले विश्वलाई नै परिवर्तन गर्ने र प्रेरणाको श्रोत हुने पनि बताएका छन् ।

उहाँको मिनियापोलिस स्थित प्रहरी कार्यालयमा हिरासतमा रहेको बेला निधन भएको थियो । उहाँको हत्या सम्वन्धी भिडियोमा उहाँलाई आठ मिनेट ४६ सेकेण्डसम्म घाटी थिचिएको देखाइएको छ । घाटी थिचिरहदाँ आफुलाई श्वास फेर्न गाह्रो भएको भन्दै छट्पटाई रहेको भिडियोले आन्दोलनकारीलाई थप आन्दोलित बनाएको उहाँका समर्थकहरूको भनाई छ ।

अमेरिका बाह्रेक अन्य धेरै देशमा उहाँको हत्याका विरुद्धमा आन्दोलन भएको थियो भने अमेरिकामा मात्रै दर्जनभन्दा बढी मानिसको यही आन्दोलनका क्रममा मृत्यु भएको छ । आन्दोलन चर्किएकाले अमेरिकाका ४० भन्दा बढी सहरमा कर्फ्यु लगाउनु परेको थियो ।

प्रदर्शनकारीले कर्फ्यु समेत तोडेर प्रदर्शन गरेका थिए । प्रहरी र प्रदर्शनकारीका बीचमा भएको भडपका क्रममा दर्जनौ घाइते भएका थिए भने सयौं गिरफ्तार भएका थिए ।


# अन्तिम संस्कारका क्रममा जातीय न्यायको माग

बीबीसी

लण्डन । प्रहरी हिरासतका क्रममा मारिएका अफ्रिकी-अमेरिकी पुरुष जोर्ज फ्लोइडको अन्तिम संस्कारका क्रममा जातीय न्यायको माग गरिएको छ ।

टेक्ससको ह्युस्टनस्थित एक गिर्जाघरमा उनीप्रति अन्तिम श्रद्धाञ्जलि व्यक्त गर्न मानिसहरू लामबद्ध भएका थिए । गत महिना मिनिअपलिसमा एक श्वेत प्रहरी अधिकारीले फ्लोइडलाई नियन्त्रणमा लिई उनको गर्दनमाथि करिब नौ मिनेटसम्म घुँडाले टेकिरहेका थिए जुन क्षण मोबाइलमा कैद गरिएको थियो ।

घटनामा संलग्न चारजना प्रहरी अधिकारीलाई बर्खास्त गरिएको छ र उनीहरूमाथि हत्यासम्बन्धी आरोप लगाइएको छ । जातीय विभेदविरुद्ध अमेरिका, यूके र अस्ट्रेलियामा ठूला प्रदर्शन ह्युस्टन मेमोरिअल गार्डेनमा फ्लोइडलाई उनकी आमाको चिहानसँगै गाडिएको छ ।



फ्लोइडकी एक भतिजी ब्रूक विलियम्सले अश्वेत मानिसहरूलाई नोक्सान गराउने कानुनहरूमा परिवर्तनका लागि आह्वान गरिन् । उनले प्रश्न गरिन्, "किन यो प्रणाली भ्रष्ट र अक्षम हुनुपर्छ ?" "कृपया घृणामा आधारित थप अपराध नहोस्।"

उनले थपिन्, "कोही कोहीले 'अमेरिकालाई फेरि महान् बनाऔं' भनेका छन्, तर के अमेरिका कहिले महान् थियो ?" राष्ट्रपति पदका डेमोक्र्याटिक उम्मेदवार जो बाइडनले भिडिओ सन्देशमार्फत अन्तिम संस्कारमा सम्बोधन गरेका थिए ।

उनले भने, "जोर्ज फ्लोइडका लागि न्याय भएमा हामी अमेरिकामा साँच्चिकै जातीय न्यायको बाटोमा हुनेछौं ।" फाउन्टेन अफ प्रेज नामक गिर्जाघरमा आयोजित अन्तिम श्रद्धाञ्जलि कार्यक्रममा राजनीतिज्ञ र सेलिब्रेटीसहित करिब पाँच सय सहभागी थिए ।

कार्यक्रममा उपस्थित चर्चित नागरिक अधिकारकर्मी रेभेरेन्ड अल शार्पटनले भने, "दास राख्ने मालिकका नातिनातिनाले अहिले विश्वभरि मालिकहरूका शालिक हटाइरहेको म देखिरहेको छु।"

डेमोक्र्याटिक पार्टीका स्थानीय सांसद अल ग्रीनले भने, "जोर्ज फ्लोइड मिल्काउन हुने कुनै वस्तु थिएनन् । यसकारण हामी यहाँ आएका छौं । उनी अश्वेत हुनु उनको अपराध थियो।" फ्लोइडप्रति अन्तिम श्रद्धाञ्जलि व्यक्त गर्न सोमवार छ घण्टा उनको शव गिर्जाघरमा राखिएको थियो ।

मिनिअपलिस र उनी जन्मिएको नर्थ क्यारोलाइनामा पनि स्मृति कार्यक्रमको आयोजना गरिएको थियो ।

फ्लोइडको मृत्युपछि जातीय विभेदविरुद्ध अमेरिकामा जारी प्रदर्शन तेस्रो हप्तामा प्रवेश गरेको छ । वाशिङ्टन डीसी, न्यूयोर्क, शिकागो, लस एन्जलस र सान फ्रान्सिस्को लगायतका थुप्रै शहरमा ठूल्ठूला र्‍यालीहरूको आयोजना गरिएको छ ।

यसअघि फ्लोइडको हत्याका आरोपित मिनिअपलिसका पूर्वप्रहरी अधिकारी सोमवार पहिलो पटक अदालतमा उपस्थित भएका थिए । अदालतले आरोपित डेरेक शोभिनसँग साढे १२ लाख डलर धरौटी माग गरेको थियो ।

# भारतमा एकैदिनमा भण्डै १० हजार संक्रमित, २७९ को मृत्यु

एएफपी

नयाँदिल्ली । भारतमा कोरोनाभाइरसका कारण एकैदिनमा भण्डै दश हजार जना संक्रमित भएका छन् । सरकारी अधिकारीहरूले बुधबार दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा भारतमा ९ हजार ९८५ जना संक्रमित भएको पुष्टि भएको हो ।

योसँगै भारतमा कुल संक्रमितको संख्या दुई लाख ७६ हजार ५८३ पुगेको पनि स्वास्थ्य अधिकारीहरूले जानकारी दिएका छन् । भारतको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले पछिल्लो २४ घण्टामा २७९ जनाको मृत्यु भएको जनाएको छ । योसँगै भारतमा अहिलेसम्म कोरोनाका कारण मृत्यु भएकाहरूको संख्या ७ हजार ७४५ पुगेको छ । भारतमा अहिले पनि एक लाख ३३ हजार ६३२ जना संक्रमित अवस्थामै रहेका छन् भने सङ्क्रमण मुक्त भएकाहरूको संख्या एक लाख ३५ हजार २०५ रहेको मन्त्रालयले जनाएको छ । कोरानाभाइरसको संक्रमण भारतमा सवैभन्दा धेरै महाराष्ट्र प्रदेशमा देखिदै आएको छ । महाराष्ट्रमा मात्रै बुधबारसम्म ९० हजार ७८७ जना सङ्क्रमित भएका छन् ।

# लकडाउनले ११ युरोपेली मुलुकमा धेरैको ज्यान बचाउन

एएफपी

लन्डन । युरोपका विभिन्न ११ ओटा देशमा कोभिड १९ विरुद्धको महामारीबाट ठूलो संख्याका नागरिकको ज्यान बचाउन सक्ने एक अध्ययनले देखाएको छ ।

ती देशले गत मार्चको २ देखि २९ तारिखसम्म विद्यालय, पार्कलगायत मानिसहरू जम्मा हुने सबै स्थानमा प्रतिबन्ध लगाउनुका साथै देशव्यापी रुपमा लकडाउन गरेका थिए । त्यसले धेरै नागरिकको ज्यान बचाएको भन्दै लकडाउनले ती देशका कम्तीमा पनि ३० लाख मानिस मर्नबाट बचाएको यो अध्ययनमा देखाएको हो ।

यदि युरोपेली देशहरूले कोभिडको महामारी नियन्त्रण गर्नका लागि लकडाउना साथै विना औषधीका विभिन्न नियन्त्रणात्मक विधिहरू नअपनाएको भए लाखौं नागरिकको ज्यान जान सक्ने सो अनुसन्धानले बताएको छ । युरोपका इटाली, स्पेन र बेलायतमा कोभिड १९ को महामारीबाट सबैभन्दा ठूलो क्षति पुगेको समाचारहरूमा जनाइएको छ ।

# इरानी औसत पाँचमध्ये एक व्यक्ति कोभिड-१९ सङ्क्रमित भएका हुनसक्ने

एएफपी

तेहरान । इरानमा गत फेब्रुअरीमा कोरोनाभाइरस सङ्क्रमण पत्ता लागेपछि अहिलेसम्ममा औसत पाँचमध्ये एक नागरिकलाई कोभिड-१९ सङ्क्रमण भएको हुनसक्ने देखिएको इरानी स्वास्थ्य मन्त्रालयका एक अधिकारीले मङ्गलबार बताउनुभएको छ ।

कोभिड-१९ विरूद्धको लडाईंका लागि बनेको कार्यदलका एक सदस्य एहसान मोस्तफावीले भन्नुभयो, "कोभिड-१९ प्रभाव अध्ययन दलको तथ्याङ्क अनुसार इरानमा एक करोड ५० लाख नागरिकले कोभिड-१९ सङ्क्रमणजन्य समस्याको सामना गरेका छन् ।" "यसको अर्थ भाइरस 'हामी वा समग्र विश्वले कल्पना गरेभन्दा निकै कम घातक थियो'," मोस्तफावीलाई उद्धृत गर्दै इरानी समाचार संस्था आइएसएनएले जनाएको छ । यो तथ्याङ्कले आठ करोड जनसङ्ख्या रहेको इरानको करिब १८.७५ प्रतिशत व्यक्ति सङ्क्रमित भएको प्रक्षेपण गरेको छ ।

इरानमा मङ्गलबार पनि ७४ थप व्यक्तिको मृत्यु भएको छ । अहिलेसम्म इरानमा सङ्क्रमणका कारण मृत्यु भएको आधिकारिक पुष्टि भएका व्यक्तिको सङ्ख्या आठ हजार ४२५ पुगेको इरानी स्वास्थ्य मन्त्रालयका प्रवक्ताले बताएका छन् ।

इरानले परीक्षणबाट एक लाख ७५ हजार ९२७ व्यक्तिमा सङ्क्रमण भएको पुष्टि गरेको छ भने विगत २४ घण्टामा थप दुई हजार ९५ व्यक्ति सङ्क्रमित भेटिएका छन् । एक करोड ५० लाख सङ्क्रमित भन्ने तथ्याङ्कलाई 'सावधानीका साथ हेरिनुपर्छ' कार्यदलको अध्ययन प्रतिवेदन 'विश्वका अन्य मुलुकहरूमा गरिने अध्ययनसँग हुने हदसम्म समानता रहेको' मेस्तफावीले भन्नुभयो । उहाँले भन्नुभयो, "सङ्क्रमण भई निको भइसकेका विरामीको शरीरकको एन्टीबडी तत्व नाप्ने 'सेरोलोजी' परीक्षणबबाटयोअध्ययनप्रतिवेदनको निष्कर्ष निकालिएको हो ।"

यो परीक्षण 'पोलिमराज चेन रिएक्सन( पीसीआर)' परीक्षणभन्दा फरक छ जसले एन्टिजेन अर्थात रोग प्रतिरोधात्मक तत्वहरूको उपस्थितिलाई पत्ता लगाउँदछ । इरानले १० लाखभन्दा बढी नागरिकहरूको सङ्क्रमणको अवस्था थाहा पाउन (पुष्टि गर्न) गरिने पीसीआर परीक्षण गरेको र अहिलेसम्म त्यसको रिपोर्ट सार्वजनिक गरिएको बताएको छ ।

# भारतमा शिर्ष आठ कमाण्डर सहित २२ आतंककारी मारिए

एएफपी

नयाँदिल्ली । भारतको जम्मु काश्मिरमाशिर्षआठकमाण्डरसहित २२ जना आतंककारी मारिएका छन् । भारतीय सुरक्षाकर्मीहरूको चलाएको सुरक्षा कारबाहीका क्रममा पछिल्लो १५ दिनमा उनीहरू मारिएको सुरक्षा श्रोतले जनाएको छ ।

मुस्लिम धर्मावलम्बीहरूको बाहुल्यता रहेको त्यस क्षेत्रमा मुस्लिम धर्मावलम्बीहरूको महान पर्व इदका अवसरमा केही दिन अगाडी सुरक्षा कारबाही रोकिए पनि त्यसपछि फेरी सुरु भएको हो । इस्लामिक स्टेट्स (आइएस) का जम्मु काश्मिर कमाण्डर अडिल अहम्मद वामी र लश्कर ए तैवाका शाहिन अहमद थोकरलाई यही मे २५ तारिखका दिन मारिएको सुरक्षा अधिकारीहरूले जनाएका छन् ।

त्यसैगरी अन्य कमाण्डर र लडाकूहरू पनि फरक फरक मितिमा मारिएको सुरक्षा श्रोतले जनाएको समाचारमा उल्लेख गरिएको छ । जम्मु काश्मिरका प्रहरीमहानिरिक्षक डिल्बाग सिंहले यस बर्ष अहिलेसम्ममा ८८ जना लडाकू मारिएको यसअघि नै जानकारी दिनुभएको थियो ।

# जोर्ज फ्लोइड मृत्यु प्रकरणः हत्यामा संलग्न अमेरिकी प्रहरी किन विरलै दोषी ठहरिन्छन ?

बीबीसी

वाशिंगटन । संयुक्त राज्य अमेरिकामा प्रहरीले बर्सेनि १,२०० जना मानिसहरूको हत्या गर्ने ठानिएको भएपनि लगभग ९९ प्रतिशत घटनामा सम्बन्धित प्रहरी अधिकारीमाथि अपराध गरेको अभियोग दायर गरिँदैन ।

मिनिसोटामा प्रहरीले जोर्ज फ्लोइडको हत्या गरेपछि उत्पन्न सार्वजनिक दबाव, प्रदर्शन र दङ्गालाई ध्यान दिँदै यस पटक अभियोग लगाइएको छ ।

एक प्रहरी अधिकृतमाथि मिनीयापलिसमा मे २५ मा घोप्टो पारेर लडाइएका फ्लोइडको घाँटीमा घुँडाले थिचेर ज्यान लिएको आरोप लगाइएको छ ।

घटनास्थलमा उपस्थित तीन जनालाई अपराध गर्न सहयोग गरेको र मतियार बनेको अभियोग लगाइएको छ । जोर्ज फ्लोइडको अन्तिम संस्कारका क्रममा जातीय न्यायको माग मिनिअपलिसमा स्थानीय प्रहरी विभाग भङ्ग गर्ने प्रतिबद्धता प्रदर्शनकारीहरूले फ्लोइडको मृत्युले कर्तव्य पालनाको सिलसिलामा हुने प्रहरी हत्यासम्बन्धी कानुनमा व्यापक परिवर्तनको बाटो खोल्ने अपेक्षा गरिरहेका छन् ।



ज्यान लिने प्रहरी अधिकृतहरूमाथि अमेरिकामा खासै मुद्दा चलाइँदैन किनभने अमेरिकी कानुनले उनीहरूलाई संरक्षित गरेको छ । प्रहरी हिंसाको तथ्याङ्क राखेको एउटा परियोजनाले सन् २०१३ देखि २०१९ को बीचमा अमेरिकामा प्रहरीबाट भएको थाहा भएका हत्याको संख्या ७,६६६ रहेको जनाएको छ । त्यो त्यस्ता हत्याको ९२ प्रतिशत भएको हुन सक्ने अभियानकर्ताहिरू बताउँछन् । उनान्सय वटा त्यस्ता घटनामा मात्रै प्रहरीविरुद्ध मुद्दा दायर गरिएका थिए जुन १.३ प्रतिशत हो । त्यसमध्ये २५ घटनामा मात्रै दोषी ठहर गरिएका थिए ।

वाशिङट्नस्थित काटो इन्स्टिट्यूटका उपाध्यक्ष क्लार्क नेली भन्छन्, "अभियोजकहरूले फ्लोइडको घटनामा जस्तो प्रहरी अधिकारीहरूविुद्ध फौजदारी अभियोग दायर गर्नु एकदमै दुर्लभ कुरा हो ।"उनका अनुसार अभियोजकहरूले प्रहरीसँगै मिलेर काम गर्नुपर्ने हुन्छ र घटनाहरूको छानबिन र बयानका लागि उनीहरूमा निर्भर हुनुपर्ने हुन्छ । र प्रहरीले फौजदारी कसुर नै नगरी घातक प्रकृतिका बल प्रयोग गर्न मिल्ने व्यवस्था छ । पीडित र उनीहरूका आफन्तहरूले अदालतमा आफूलाई क्षति पुगेको भन्दै प्रहरी अधिकृतविरुद्ध अभियोग दायर गर्ने विकल्प छ तर नेलीका अनुसार 'उन्मुक्तिका लागि योग्य' भन्ने एउटा सिद्धान्तका कारण अधिकांश अवस्थामा अदालतको ढोका बन्द गरिन्छन् ।

# अफगानिस्तानका पूर्वसांसदको हत्या

एएफपी

काबुल । अफगानिस्तानका पूर्व सांसद अब्दुल वाली अहमदजाईको तालिवान समूहले गोली हानी हत्या गरेको छ । अफगानिस्तानको पूर्वी प्रान्त लोगारको राजधानी पोल-ए-अलाम क्षेत्रमा पूर्व सांसदलाई अपहरण गरी आक्रमण गरिएको प्रान्तीय सरकारका गभर्नरका प्रवक्ता दिदार लावाङले पुष्टि गर्नुभएको छ ।

आफ्नी दिदीको अन्तिम संस्कारका लागि घर गएका पूर्व सांसद अहमदजाईलाई सोमबार राति उहाँकै घरबाट तालिवान लडाकूको एक समूहले अपहरण गरेको पारिवारिक श्रोतले बताएको छ । यस घटनाबारे तालिवान समूहले अझै कुनै प्रतिक्रिया जनाइसकेको छैन ।

अफगानिस्तानको पूर्व राष्ट्रपति हमिज काजईको प्रथम कार्यकालमा संसदको माथिल्लो सभामा लोगर प्रान्तबाट प्रतिनिधित्व गरेका अहमदजाई लोगारका अनुभवी नेता हुनुहुन्थ्यो ।

# अफगानिस्तानमा बम विस्फोटमा एक जिल्ला प्रमुखसहित पाँचको मृत्यु

एएफपी

मजार ई सरिफ । अफगानिस्तानको उत्तरी प्रान्त बाल्खमा मंगलबार भएको बम विस्फोटमा परी एकजना जिल्ला प्रमुखसहित पाँच जनाको ज्यान गएको छ । जिल्ला प्रमुख बाहेकका बाँकी चार जना पनि अफगानिस्तानको सरकार समर्थित लडाकूहरू रहेको बताइएको छ । उत्तरी अफगानिस्तानको सोरतेपा जिल्लाका जिल्ला प्रमुख क्वारी इब्राहिमको ज्यान गएको हो । साथै सो जिल्लाका स्थानीय मिलिसिया चार जनाको ज्यान गएको हो ।

उनीहरू सरकार समर्थित समूहका लडाकू रहेका थिए । सो बम तालिबान लडाकू समूहले विस्फोट गराएको हो । उनीहरूका विरुद्ध यहाँको सरकारका समर्थित केही समूह सक्रिय रहेकोले तिनका विरुद्धमा उनीहरूले विगतदेखि नै यस्तो खालको हिंसात्मक हमला गर्दै आएका छन् । तालिबानको प्रवक्ता जबिउल्लाह मुजाहिदले सो आक्रमणको जिम्मेवारी लिएका छन् । उनले स्थानीय सरकारहरूले लडाकू समूह खडा गरेर तालिबानका विरुद्धमा आत्रमण गर्न भनेकोले सो बम विस्फोट गराइएको बताएका छन् ।


अफगानिस्तानमा सरकार र तालिबानबीच शान्ति वार्ता हुने भनिएको भए पनि अझै पनि त्यसको सुरुवात भएको छैन । अफगानिस्तानको सरकार, अमेरिका र तालिबानबीच केही महिनाअघि कतारको राजधानी दोहामा तालिबानहरू पनि शान्ति वार्तामा आउने सम्झौता भएको थियो ।

यसैकारण अफगानिस्तानको सरकारले तालिबानहरूकै मागअनुसार अमेरिकाले अफगानिस्तानबाट सेना फिर्ता गर्ने तथा अफगान सरकारले जेलमा रहेका तालिबानलाई मुक्त गर्ने तयारी थालेको बताइएको छ ।

# जेलमुक्त भएका तालिबानहरू फेरि युद्धमैदानमा जानसक्ने चिन्ता

एएफपी

काबुल । अफगानिस्तानका विभिन्न जेलबाट मुक्त गरिएका लडाकूहरू फेरि पनि युद्धमैदानमा जान सक्ने अनुमान गर्न थालिएको बताइएको छ । अफगानिस्तानको सरकारले ठूलो संख्याका तालिबान लडाकूहरूलाई जेलमुक्त गर्ने भएको छ ।



तालिबानहरूले अफगान र अमेरिकी सरकारसँग वार्ता गर्नका लागि आफ्ना बन्दीहरूलाई मुक्त गर्न भनेका छन् । तालिबान संगठनको यो पहिलो शर्तका लागि सरकार पनि तयार भएको छ । सोही शर्तका आधारमा अफगानिस्तानको सरकारले आफ्नो जेलमा रहेका ती तालिबान लडाकूहरूलाई जेलमुक्त गर्ने भएको छ । तर पनि यो तयारीसँगै हजारौं जना बाहिर निस्किने ती लडाकूहरू फेरि लडाईंको मैदानमा नै जाने र अफगान तालिबानलाई सहयोग गर्नसक्ने चिन्ता भने सरकारलाई रहेको छ ।

सुरक्षा निकायहरूले पनि यस विषयमा व्यापक रुपमा चासो लिएको पाइएको छ । सुरक्षा अंगहरूले ती लडाकूहरूले पछि जेलबाट निस्किएपछि फेरि तालिबानको युद्धमा सहभागी त हुदैनन् भनेर पनि विचार गरिरहेका छन् । त्यसैले उता सरकारले ती लडाकूहरूलाई रिहा गर्ने तयारी गरिरहेका बेला यता सुरक्षा निकायहरूले पनि उच्च सुरक्षा सतर्कता अपनाएको बुझिएको कतिपय समाचारहरूमा जनाइएको छ । अफगानिस्तानको सरकार, अमेरिका र तालिबानबीच केही महिनाअघि कतारको राजधानी दोहामा भएको सम्झौताबमोजिम तालिबानहरू पनि शान्ति वार्तामा आउने भएका हुन् ।


उनीहरूकै मागअनुसार अमेरिकाले पनि अफगानिस्तानबाट आफ्ना सेना फिर्ता गर्ने तयारी थालेको बताइएको छ । तर अमेरिका भने पछिल्लो समयमा तालिबानहरूको शान्तिवार्ताप्रतिको इमान्दारितामा प्रश्न गर्न थालेको छ ।

# कोरोना भाइरसबाट विश्वमा ४ लाख १३ हजार भन्दा बढीको मृत्यु, ७३ लाखभन्दा बढी संक्रमित

एएफपी

जेनेभा । कोरोना भाइरस (कोभिड १९) बाट विश्वभर मृत्यु हुने व्यक्तिको संख्या ४ लाख १३ हजार ७६० पुगेको छ । साथै यस संक्रमणबाट विश्वभर ७३ लाख २५ हजार ८३९ जना संक्रमित भएका विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) द्धारा आफ्नो दैनिक प्रेस विज्ञप्तिमा जानकारी दिइएको छ । नेपाली समयानुसार बुधबारसम्म प्राप्त समाचारअनुसार कोरोना भाइरसका कारण बिरामी भएका ३६ लाख ६ हजार ९० जना निको भएका छन्.। हाल विश्वभरमा कोरोना भाइरस संक्रमित ३३ लाख ६ हजार ३४६ व्यक्ति उपचाररत रहेका छन् । संक्रमितहरूमा ५४ हजार २९ जनाको अवस्था गम्भीर रहेको जनाइएको छ । चीनको हुबे प्रान्तको वुहान शहरबाट गत वर्षको डिसेम्बरको अन्त्यबाट शुरु भएको कोरोना भाइरस संक्रमणको कारण अमेरिका सबैभन्दा बढी प्रभावित भएको छ । डब्लुएचओकाअनुसार संयुक्त राज्य अमेरिकामा मात्र २० लाख ४५ हजार ७१५ जनामा कोरोना भाइरसका संक्रमित रहेका छन् । यस प्रकोपका कारण अमेरिकामा १ लाख १४ हजार १५१ व्यक्तिको मृत्यु भइसकेको बताइएको छ । दक्षिण अमेरिकामा १२ लाख १९ हजार ७२३ जना कोरोना भाइरस संक्रमति रहेका छन् ।

॥ हार्दिक श्रद्धाञ्जली ॥



यसश्री धर्म संस्थाका गुठियार सदस्य **स्व. चन्द्र प्रभा देवी ज्यू**को प्रथम औं वार्षिक पूण्य तिथिको अवसरमा दिवंगत आत्माको चीर शान्तिको लागि जगत जननी माता जानकीजी संग प्रार्थना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौ ।

**प्रभाकर प्रसाद साह**
उप-सभापति

एवं

**रामचन्द्र साह**
सभापति

श्री धर्म संस्था (रामस्वरुप साह, रामसागर साह)
मिल्स एरिया जनकपुरधाम-१ परिवार

# पूँजीगत खर्च ३० प्रतिशत




काठमाण्डु । चालु आर्थिक वर्षको एघार महिनामा ३० प्रतिशत पूँजीगत खर्च (विकास खर्च) भएको छ । महालेखा नियन्त्रक कार्यालयको यही जेठ २७ गतेसम्मको तथ्यांकानुसार पूँजीगत खर्चमा कुल अनुमानित खर्चको ३० दशमलव १६ प्रतिशत खर्च भएको देखिएको छ । सरकारले चालु आर्थिक वर्षमा विकासनिर्माणका लागि पूँजीगत खर्चतर्फ रु चार खर्ब आठ अर्ब ५९ करोडको बजेट छुट्याएका हालसम्म रु एक खर्ब २३ अर्ब पाँच करोड पाँच लाख खर्च भएको देखिन्छ।

चालुखर्च (तलबभत्ता आदि) भने ६७ प्रतिशत भएको छ । चालुतर्फ रु नौ खर्ब ५७ अर्ब १० करोड खर्च गर्ने लक्ष्य लिइएकामा मङ्गलबारसम्म ६७ दशमलव १८ प्रतिशतस्वरुप रु छ खर्ब ४२ अर्ब ९३ करोड ९४ लाख खर्च भएको मनिकाको तथ्याङ्कले देखाएको छ।

रु एक खर्ब ६७ अर्ब ८५ करोड ९८ लाख वित्तीय व्यवस्था (सार्वजनिक संस्थानमार्फत पूँजी निर्माणमा हुने खर्चका लागि दिइने बजेट) तर्फ खर्च गर्ने लक्ष्य लिइएकामा हालसम्म रु ८३ अर्ब ८६ करोड ८३ लाख (४९ दशमलव ९६ प्रतिशत) खर्च भएको छ।

चालू आर्थिक वर्षमा सरकारले रु १५ खर्ब ३२ अर्ब ९६ करोड ७१ लाख कुल बजेट छुट्टाएकामा एघार महिनाका अवधिमा चालु, पूँजीगत र वित्तीय व्यवस्थापन गरी रु आठ खर्ब ४९ अर्ब ८५ करोड ८१ लाख खर्च (५५ दशमलव ४४ प्रतिशत खर्च) भएको हो । गत माघ अन्तिम साता चालू आवको अर्धवार्षिक समीक्षामा अर्थमन्त्री डा युवराज खतिवडाले संशोधित बजेटको आकार रु १३ खर्ब ८५ अर्ब ९६ करोड ३६ लाखमा ल्याउनुभएको थियो । सो समीक्षामा कुल बजेटको ९०.४ प्रतिशत खर्च हुने अनुमान गरिएको थियो।

**राजश्व ५७ प्रतिशत**

चालु आर्थिक वर्षमा सरकारको राजश्व सङ्कलनको अवस्था ५० प्रतिशत नाघेको छ। एघार महिनाका अधिमा लक्ष्यको ५७ दशमलव ४३ प्रतिशत आम्दानी भएको मनिकाले देखाएको छ। रु ११ खर्ब १२ अर्ब ३३ करोडको वार्षिक लक्ष्यमा हालसम्म रु छ खर्ब ३८ अर्ब ६१ करोड ३२ लाख राजश्व संकलन भएको छ।

यसैगरी कर आम्दानीतर्फ ५७ दशमलव ५६ प्रतिशत उपलब्धि भएको छ । रु दश खर्ब नौ अर्ब १६ करोड १८ लाख लक्ष्य रहेकामा रु पाँच खर्ब ८० अर्ब ८८ करोड ६३ लाख आम्दानी भएको छ। यस्ते गैरकर आम्दानी भने ५६ दशमलव १२ प्रतिशत भएको छ।

पूर्व अर्थसचिव रामेश्वर खनाल सरकारी संयन्त्रको संस्थागत क्षमतामा कमी हुँदा लक्ष्यानुसार विकास खर्चमा कमी भएको बताउनुहुन्छ । "बजेट खर्च नहुनुमा अर्थ मन्त्रालय र अर्थमन्त्रीको मात्र जिम्मेवारी हुँदैन, सबै मन्त्रालय र मन्त्रीज्यूहरूले जिम्मेवारीका साथ नेतृत्व दिएमा विकास खर्चमा प्रगति हुन्छ", उहाँले भन्नुभयो ।रासस

# त्रिदेशीय लिंकरोड जोगबनी-किमाथांका १४ किमी बाँकी

खाँदबारी । प्रदेश नं १ को मुख्य व्यापारिक मार्गको त्रिदेशीय लिंक रोड जोगबनी-किमाथांका सडक जोडिन १४ किलोमिटर मात्र बाँकी छ । नेपाल सरकारको राष्ट्रिय गौरवको आयोजना किमाथांका-जोगवनी सडकखण्डको काम भइरहेको उत्तर दक्षिण सडक डिभिजन कार्यालय सङ्खुवासभाका प्रमुख गौतमकुमार श्रेष्ठले जानकारी दिनु भयो।



किमाथांका- चेपुवा - हटिया, -मकालु गापा- चिचिला गापा- खाँदबारी नपा- धर्मदिवी नपा- धनकुटा महालक्ष्मी नपा- पाख्रीबास नपा- धनकुटा नपा- शहीदभूमि नपा- भेडेटार- सुनसरी धरान- इटहरी विराटनगर हुँदै जोगवनी नाकासम्मको दूरी ३९० किलोमिटर छ। सो सडक चीन र भारत जोडिने छोटो सडक हुने छ। त्रिदेशीय लिकंरोड किमाथांका-जोगवनी सडकखण्डको भीर फुटाउने जिम्मा सेनालाई दिइएको छ । विसं २०७६ भदौ २२ गतेको मन्त्रिपरिषद्को बैठकले किमाथांका-जोगवनी सडक खण्डको भीर फुटाउने जिम्मा सेनालाई दिइएको कोशी सडक आयोजना प्रमुख श्रेष्ठले बताउनुभयो।

त्यस क्षेत्रमा ठूल्ठूला चट्टान भएका सडक निर्माणको प्रक्रिया सेनाले अघि बढाएको छ। भीर फुटाउनका लागि आवश्यक विस्फोटक पदार्थ राख्ने बङ्कर बनाउने कार्य अन्तिम चरणमा पुगेको प्रमुख श्रेष्ठले बताउनुभयो। खाँदबारी-किमाथांका १६२ किमी साधारण मार्ग निर्माणको काम सम्पन्न गर्ने जिम्मेवारी उत्तर-दक्षिण कोशी सडक आयोजनाले पाएको छ।

सडक आयोजना प्रमुख श्रेष्ठका अनुसार चेपुवा, छुमसुर, घोङ्गोप्पा खण्ड निर्माणका लागि विस्फोटक पदार्थ आवश्यक पर्ने छ । कडा चट्टान भएको भीरको सो १४ किलोमिटर सडकखण्ड विस्फोट गरेर मात्रै अघि बढ्न सकिन्ने उहाँको भनाइ छ । सडकखण्ड निर्माणका क्रममा रु तीन अर्ब खर्च भइसकेको छ। उत्तर दक्षिण (कोशी) सडक आयोजनाले खाँदबारी-किमाथांका सडकको स्तरोन्नतिको कार्य गरिरहेको छ। रासस

# १० -५ बजेसम्म व्यवसाय चलाउन माग

पोखरा । पोखरा चेम्बर अफ कमर्सले कोरोनाको मारमा परेको अर्थतन्त्रलाई थोरै मात्रामा भए पनि चलायमान बनाउन बन्दाबन्दीलाई खुकुलो बनाउनुपर्ने माग गरेको छ । पोखरा महानगरपालिकाका प्रमुख मानबहादुर जिसी र कास्कीका प्रमुख जिल्ला अधिकारी ज्ञानप्रसाद ढकाललाई ज्ञापनपत्र पेस गर्दै चेम्बरले नेपाल सरकारको निर्देशनमा रोक्का गरिएबाहेकका मझौला तथा साना व्यवसाय बिहान १० देखि साँझ ५ बजेसम्म सञ्चालन गर्ने व्यवस्था मिलाउन अनुरोध गरेको छ।

चेम्बर अफ कमर्स कास्की वस्तुगततर्फका उपाध्यक्ष तथा चेम्बर, कोभिड -१९ नियन्त्रण तथा न्यूनीकरण उच्चस्तरीय समन्वय समितिका संयोजक यमनाथ पौडेलले स्वास्थ्य सतर्कता र सामाजिक दूरी कायम गरी उद्योगव्यवसाय सञ्चालन गर्ने वातावरणका लागि महानगरपालिका र स्थानीय प्रशासनको ध्यानाकर्षण गराइएको जानकारी दिनुभयो।

ज्ञापनपत्रमा निर्माण सामग्रीहरुको आपूर्ति साँझ ५ देखि राति १० बजेसम्म गर्ने व्यवस्था मिलाउन एवं होटल तथा रेष्टुरेन्ट व्यवसायीबाट प्याकिङ खाना उपलब्ध गराउन माग गर्दै सरकारले गर्ने हरेक अनुगमनमा चेम्बरको सहभागिताका लागि आग्रह गरिएको छ।

चेम्बर अफ कमर्स कास्कीका महासचिव उमराज बास्तोलाले चेम्बरले विश्व स्वास्थ्य संगठनले तोकेको मापदण्डको पालना गरी उद्योगव्यवसाय सञ्चालन गर्ने प्रतिबद्धता जनाएको बताउनुभयो ।रासस

# नेपालमा मनसुन भित्रिन अझैं केही दिन लाग्ने

काठमाण्डु । नेपाल मनसुन भित्रिन अझै केही दिन लाग्ने भएको छ। बुधबार अर्थात् जुन १० का दिन नेपालमा मनसुन भित्रिनु पर्नेमा पाँच दिन ढिलो गरी भित्रिने सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

मनसुन भित्रिनका लागि जुन खालको वातावरण हुनुपर्ने हो, त्यो बनिनसकेकाले अझै पाँच दिन लाग्ने सम्भावना रहेको मौसमविद् शान्ति कँडेलले बताउनुभयो।

नेपालमा मनसुन भित्रिनका लागि पानी पर्ने गतिविधि बढ्नाका साथै बङ्गालको खाडीबाट जलवाष्पयुक्त हावा नेपाल प्रवेश गरी न्यून चापीय रेखा बन्नुपर्छ । "यी प्रणालीहरू विकसित हुने क्रमै रहेकाले मनसुन केही दिन ढिलो भित्रिने सम्भावना रहेको हो", मौसमविद् कँडेलले भन्नुभयो।

यसका साथै मनसुन प्रवेश गर्नका लागि मनसुनी हावा वायुमण्डलको तल्लो सतहदेखि माथिलो सतहसम्म रही त्यसको प्रवेश राम्रोसँग देखिन न्यून चापीय रेखा स्पष्टसँग देखिनुपर्ने हुन्छ र न्यून चापीय क्षेत्रको विकास भएर न्यून चापीय रेखा नेपालतिर परेको हुनुपर्छ । गत वर्ष पनि १० दिन ढिलो अर्थात् (२० जुन) मा मनसुन भित्रिएर असोज २५ मा बाहिरिएको थियो।

**मनसुनमा औसत वर्षा हुने**

मनसुन ढिलो भित्रिए पनि मुलुकभर मनसुनको समयमा औसत वर्षा हुने भएको छ । दक्षिण एशियाली जलवायु दृष्टिकोण मञ्च 'सास्कोप' ले हाले नेपालसहित समग्र दक्षिण एशियाको मनसुन विश्लेषण गर्दा मनसुनमा मुलुकभर औसत वर्षा हुने प्रक्षेपण गरेको छ। अङ्ग्रजी महिनाको जुन, जुलाई, अगष्ट र सेप्टेम्बरमा नेपालसहित दक्षिण एशियाका लागि मनसुन अवधि मानिन्छ । सो चार महिनाको अवधिमा नेपालमा वार्षिक वर्षाको ८० प्रतिशतको हाराहारीमा पानी पर्ने गर्छ। मनसुन अवधिमा मुलुकको औसत वर्षाको मात्र एक हजार ४९६ दशमलव सात मिलिमिटर र काठमाण्डुको वार्षिक औसत वर्षा एक हजार ४५४ दशमलव आठ मिलिमिटर हो।

मौसमविद्का अनुसार कम वर्षा हुने भन्दैमा बाढीपहिरो जस्ता प्राकृतिक प्रकोप नहुने भन्ने हुँदैन केही घण्टाको मुसलधारे वर्षाले पनि ठूलो प्राकृतिक प्रकोप हुनसक्छ।

हाल देशको वाग्मती प्रदेश, गण्डकी प्रदेश, प्रदेश नं ५ का सबै भूभागलगायत प्रदेश १, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका पहाडी भूभाग र प्रदेश २ का पश्चिमतिरका भूभागमा सामान्य बदली रही बाँकी भूभागमा आंशिक बदली रहेको छ । त्यस्तै प्रदेश नं ५, वाग्मती प्रदेश, गण्डकी प्रदेशका केही स्थानमा हल्का वर्षा भइरहेको छ।

मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरणअनुसार आज काठमाण्डु उपत्यकाको न्यूनतम तापक्रम २० दशमलव शून्य डिग्री र अधिकतम तापक्रम ३० दशमलव ६ डिग्री सेल्सियस रहेको छ। आज सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम १६ दशमलव ६ डिग्री र सबैभन्दा बढी नेपालगञ्जको अधिकतम तापक्रम ३८ दशमलव ७ डिग्री सेल्सियस रहेको छ।रासस

# आलुको उचित मूल्य नपाउँदा किसान मारमा



मलगंवा। आलुको उचित मूल्य पाउन नसक्दा यहाँका किसान मारमा परेका छन्। बजारमा भारतीय आलु आयात गरिएपछि मूल्यमा आएको गिरावटका कारण यहाँका किसान मारमा परेका हुन्।

उचित मूल्य नपाएपछि यहाँका किसानले उत्पादन गरेको आलु बिक्री हुन छाडेका छन्। भारतीय आलु नेपाली बजारमा भित्रिएपछि आफूहरू आलुको उचित मूल्य नपाएको हजरियाका किसान मुकेश महतोले बताउनुभयो।

"भारतीय आलुका कारण यो वर्ष पनि लागत मूल्य उठाउन मुस्किल परेको छ", उहाँले भन्नुभयो, "उचित मूल्य नपाउँदा सडेर जाने खतरा छ। स्थानीय उत्पादित आलुको तुलनामा भारतीय आलु सस्तो छ। त्यसैले स्थानीय आलुले बजार पाउन सकेको छैन।"

बजारमा अहिले रातो आलु प्रतिकेजी रु २८ र सेतो आलु प्रतिकेजी रु २४ का दरले बिक्री भइरहेको छ। तीन वर्षदेखि लगातार घटेको आलुको मूल्य यो वर्ष पनि बढ्न नसकेपछि किसानले आलुखेतीको विकल्प खोज्न थालेका छन्। "पहिले आलुखेतीबाट राम्रै फाइदा हुन्थ्यो, अब त लगानी उठाउन मुस्किल पर्न थालेको छ", अर्का किसान शिवजी महतोले भन्नुभयो, "गएको वर्ष पनि आलुखेतीबाट रु ६० हजार नोक्सान भयो, अब ऋण तिर्न नसकिने भयो।" पाँच वर्ष पहिले प्रतिकेजी रु ३७ मा बिक्री भएको आलु अहिले रु २५ देखि रु ३० मा बेच्नुपरेको अर्का किसान रोहन महतोको गुनासो छ।

जिल्लाको हजरिया, राजघाट, शङ्करपुर, सुन्दरपुर र बरहथवा क्षेत्रमा सबैभन्दा बढी आलु उत्पादन हुने गरेको छ। बजार मूल्य राम्रो नभपछि जिल्लाका किसानले खेतबारीमै आलु थुप्रो लगाएर राखेका छन्। जिल्लामा शीतभण्डारणको व्यवस्था नहुँदा यहाँका किसान थप मारमा परेका छन्। जिल्लामा शीतभण्डारका लागि पटक पटक कुरा उठे पनि अहिलेसम्म कुनै काम नभएको स्थानीयवासीले बताएका छन्।

राम्रो माटो भएको जग्गामा प्रतिकट्ठा १० क्विन्टलसम्म आलु उत्पादन हुने गरेको किसानले बताएका छन्। विश्वव्यापी महामारीका रूपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) सङ्क्रमण रोकथाम तथा नियन्त्रणका लागि सरकारले लागू गरेको बन्दाबन्दीका बेलामा पनि भारतीय आलु आयात हुँदा आफूहरू अचम्मित भएको किसानको भनाइ छ। अहिले जिल्लाका अधिकांश बजारमा भारतीय आलु, प्याज तथा कागतीको बिगबिगी छ।

**परीक्षणविना नै बजार पुग्छ**

खुल्ला सिमानाको फाइदा उठाउँदै तरकारी व्यावसायीले परीक्षणबिना नै भारतीय तरकारी तथा फलफूल जिल्लाका विभिन्न बजारमा भित्रियाउने गरेका छन्। सरकारले विषादी परीक्षणका लागि प्रयोगशाला राखिए पनि व्यावहारिक रूपमा निकै कम मात्र परीक्षण गरिएर बजारमा भित्रिने गरेको स्थानीयवासी बताउँछन्।

बजारमा उपलब्ध तरकारीमध्ये भारतबाट आयात हुने तरकारीमा विषादीको मात्रा बढी हुने गरेको विभिन्न अध्ययनले देखाएको छ। मानवीय स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने हुँदा परीक्षण गरेर मात्र भारतीय तरकारी तथा फलफूल नेपाली बजारमा भित्रियाउनेतर्फ सम्बन्धीत निकायले गम्भीरता देखाउन सकेको देखिएको छैन् ।रासस


# Dhanauji Rural Municipality
## Office of the Rural Municipal Executive
### Dhanauji, Dhanusha
### Province no.2

## Invitation for Bid

**First Date of publication: 11th June 2020 A.D. (2077/02/29)**

1. Dhanauji Rural Municipality, office of the Rural Municipal Executive, Dhanusha has allocated funds towards the cost of **Construction of the Works mentioned in the table below** and intends to apply part of the funds to cover eligible payments under the Contract as described in the table below. Bidding is open to all eligible Nepalese Bidders.

| S.N | Contract ID No. and Road Name | Total Cost (Without VAT & contingencies) | Bid Document Price (Non Refundable) | Last Date and Time of Purchasing Bid Document | Last Date and Time of Bids Document Submission | Bid Opening Date | Bid Validity Period | Bid Security | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | Amount Nrs. | Validity Period |
| 1 | MUN/DNJU-GAU/DHA/HP-Type-02/076/077 Construction of Health post Building, wada no.04 | 33,70,841.37 | Nrs.3000 | 10th July 2020 (Within 17:00 hrs) | 12th July 2020 (Within 12:00 hrs) | 12th July 2020 Within 14:00 hrs | 90 days 10th oct 2020 | 98,000.00 | 120 days 9th Nov 2020 |

2. Dhanauji Rural Municipality, office of the Rural Municipal Executive, Dhanusha invites sealed bids from eligible bidders for **Construction Work** under National Competitive Bidding procedures. For Eligibility and Completeness Test Only eligible bidders with the following key qualifications should participate in this bidding:Eligibility criteriaas per clause 40 of PPR 2064.as per clause 23 of PPA 2063 and Bid Document prepared by PPMO.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Dhanauji Rural Municipality, office of the Rural Municipal Executive, Dhanusha
4. A complete set of Bidding Documents may be purchased from Dhanauji Rural Municipality, office of the Rural Municipal Executive, Dhanusha by eligible Bidders on the submission of a written application, along with the Certified copy of company/firm registration certificate, VAT Reg. Certificate, Tax Clearance Certificate up to F.Y. 075/76.

   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank:** Nepal Bangladesh Bank,Dhanauji Branch,Dhanusha
   **Name of Office :** Dhanauji Rural Municipality,office of the Rural Municipal Executive,Dhanusha
   **Office Account no.:** 0680000841 Darauti khata
   **Rajaswa (revenue) Shirshak no. :** Deposit Account
5. Pre-bid meeting shall be held at Municipality Hall at 20th Jun 2020.
6. Sealed bids must be submitted to the Dhanauji Rural Municipality,office of the Rural Municipal Executive, Dhanusha by hand on or before **12:00 AM** on **Date mentioned in the table above**. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **2:00 PM** on **Date mentioned in the table above** at Dhanauji Rural Municipality,office of the Rural Municipal Executive,Dhanusha. Bids must be valid for a period of on Date mentioned in the table above after bid opening and must be accompanied by a bid security from valid Bank in the prescribed formatof the bid securityamounting to a minimum of as mentioned in the Table above which shall be valid for 30 days beyond the validity period of the bid.
8. If any provisions of this document are inconsistent with Public Procurement Act 2063 and public procurement Regulations 2064,the provision of this document shall be void to the extent of such inconsistency and the provision of PPA and PPR prevail.

**Chief Adminstrative Officer**

# वडाध्यक्षद्वारा युवक कुटिए

सिकेन्द्र पासवान

कलैया।बाराकोपचरौता नगरपालिका-५ निवासी एक युवक मंगलबारराती निर्घात कुटिएका छन् । विद्यालयको जग्गामा पर्खाल ठड्याउने विषयलाई लिएर दुवै पक्षबाट चर्काचर्की हुदै आएको थियो । साबिकको पकडिया चिकनी गाविस-५ हाल पचरौता नगरपालिका-६ स्थित श्रीनेरा निमावि पकडियाको नाउँमा दर्ता रहेको किता नम्बर २ सय ५७ को करिब ५ कठ्ठामा मुस्लिमहरुले कब्रिस्तान निर्माण गर्नलाई पर्खाल जोड्ने प्रक्रिया अगाडी बढाउने क्रममा हिन्दु र मुस्लिम समुदाय बिच विवाद सृजना भएको थियो ।

सो जग्गामा पर्खाल निर्माण नगर्न नगराउनका लागि उच्च अदालत जनकपुर अस्थाई ईजलास वीरगंजबाट जेष्ठ २७ गते आदेश गरेको थियो ।

निषेधाज्ञा अवधिमा असार ८ सम्म कुनै कच्ची वा पक्की कामकाज नगर्न आदेश भएको छ । साथै सुचना तामेल भएको मिति देखि १५ दिन भित्र लिखित जवाफ दिन बिपक्षीको नाममा समेत आदेश भएको छ। निषेधाज्ञा पछि मुस्लिम समुदायका ब्यक्तिहरु आक्रोसित बनेका



छन् । पचरौता नगरपालिका-५ का २७ बर्षिय युवक सिवोध कुमार यादवलाई मंगलबार एक्लै आइरहेको मौका छोपी राती वडाध्यक्ष मकबुल मिया, उनका छोरा सुगा अंसारी, स्थानियहरु नबि मियाँ, सेराजुल मियाँ, आबिद मियाँ लगायतका ब्यक्तिहरुले कुटपिट गरेका छन् ।

यादवलाई निर्घात कुटपिट गर्दै देब्रे आँखाको माथिलो भागमा घरेलु हतियार प्रहार गरि काटी घाईते बनाएको पिडितको आरोप रहेको छ । कुटपिटबाट सिबोधको अवस्था गम्भिर भएपछि उपचारका लागि नारायणी उपक्षेत्रीय अस्पताल वीरगंजमा भर्ना गरिएको छ। घटनामा संलग्न व्यक्तीलाई पक्राउ गरि कारवाहि गर्न पीडित युवकका बुबा पुरन राय यादवले माँग गरेका छन् ।

यता वडा नम्बर ५ का वडाध्यक्ष लक्ष्मी यादवले कानुनी राज्यमा कानुनको पालना गर्नुको सटा आफ्नो हातमा कानुनलाई लिएर ब्यक्तिलाई ज्याने जानेगरी निर्घात कुटपिट गर्नु निकै निन्दनिय रहेको भन्दै घटनालाई छानबिन गरि दोषी माथि कडा कार्यवाही गर्न माँग गरे ।

यता उत्पन विवादलाई साम्य पार्नका लागि हिन्दु मुस्लिम समुदायका ब्यतिहरुलाई विवाद मिलाउन बिभिन्न ब्यतिहरुले सहजीकरण गर्दै आएको र महोल पनि शान्त भईसकेको फेरि मंगलबार राती एकाएक कसरी एक युवकमा प्रहार गरियो त्यो चिन्ताको बिषय बनेका छ स्थानिय सचितानन्द साहले भने । सम्प्रदायिक दंगा नभडकाउन सबेलाई आग्रह समेत गर्दै आफ्नो आफ्नो ठाउँबाट पलह गर्ने सुझाव समेत ब्यक्त उनले गरेका छन् ।

यस बिषयमा वडा नम्बर ६ का वडाअध्यक्ष मकबुल मियासंग बुझ्दा राती ८ बजेको समयमा मेरो घर अगाडी केहि भुण्ड आएको थियो । जहा सम्म सिवोधको कुटपिटको कुरा छ, कसले उनलाई कुटपिट गरेको हो हामीलाई थाह नभएको उनले दावी गरे ।

बिधालयका प्रधानाध्यापक रामबाबु सहनीले गाउँले समस्या भएको हुदा आफु कर्मचारी भएकोले यस बिषयमा केहि भन्न नमिल्ने बताउदै पंछिएका छन् । प्रमुख जिल्ला अधिकारी रुद्र प्रसाद पंडितले आफुले पर्खाल निर्माण गर्न भनेको बताउदै घटना स्थलमा पुगी अनुगमन समेत गरि सम्प्रदायिक गतिविधी नगर्न दुवैपक्षलाई सुझाएको प्रतिक्रिया दिएका छन् ।

# थुनुवा झुण्डिएको अवस्थामा फेला गोली हानी युवकको हत्या

टुडे समाचारदाता

जनकपुरधाम । धनुषाको सबैला नगरपालिकामा बुधबार दुई वटा घटना भएको छ ।

इलाका प्रहरी कार्यालय सबेलाको थुनुवा कक्षमै एक जना झुन्डिएर मृत्यु भएको अवस्थामा भेटिएका छन् । थुनामा रहेका धनुषा सबेला नगरपालिका-१२ का २२ वर्षीय शम्भु सदा मुसहर झुन्डिएको अवस्थामा मृत भेटिएको इप्रका सबेलाका प्रहरी निरीक्षक चन्द्रभुषण यादवले बताए । घटनाको छानबिनको माग गर्दै स्थानीय प्रदर्शनमा उत्रिएका छन् ।

“सवारी ज्यान कसुर मुद्दामा थुनामा रहेका मुसहर मंगलबारराति २ बजेतिर शौचालयमा झुन्डिएको अवस्थामा फेला परेको प्रहरी निरीक्षक यादवले बताए ।

थुनामै मुसहरको मृत्यु भएपछि घटना शङ्कास्पद रहेको भन्दै स्थानीयवासीले बरकुर्वामा सडक अवरुद्ध गरी दिनभरि प्रदर्शन गरेका छन् । उनीहरुले प्रहरी भ्यानमा समेत तोडफोड गर्न थालेपछि स्थिति नियन्त्रणमा लिन प्रहरीले अश्रुग्यास प्रहार गरेको छ। प्रदर्शनमा उत्रेका स्थानीयहरुले इलाका प्रहरी कार्यालयमा समेत ढुंगामुढा गरेका थिए। ढुंगामुढाले कार्यालयको झ्याल फुटेको छ ।

स्थानीयवासीले प्रहरी चौकीमा बाहिरबाटै ढुङ्गामुढा गरेपछि बाहिर राखिएको भ्यानमा क्षति पुगेको छ। प्रहरीले घटनाबारे छानबिन भइरहेको जनाएको छ ।

यता, सबेलामै मंगलबार राति गोली प्रहारबाट एक युवकको हत्या भएको छ। जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार गोली प्रहार गरी सबेला नगरपालिका-७ लवटोलीका २५ वर्षीय हारुन मण्डलको हत्या भएको हो। मण्डलको शव बुधबार बिहान घरभन्दा करिब २०० मिटर पर भेटिएको धनुषाका प्रहरी नायब उपरीक्षक रामेश्वर कार्कीले बताए । प्रनाउ कार्कीका अनुसार मण्डलको छातीमा एक गोली प्रहार भएको देखिएको छ ।

इलाका प्रहरी कार्यालय सबेलाका प्रहरी निरीक्षक चन्द्रभुषण यादवले घटनाको प्रकृति हेर्दा राति कसैले घरबाट बोलाएर गोली प्रहार गरी मण्डलको हत्या गरेको जस्तो देखिएको बताए । हत्या कसले र किन गरेको हो खुल्न सकेको छैन ।

# संक्रमित बढ्न थालेपछि मलंगवा बजार पुनः बन्द

टुडे समाचारदाता

मलंगवा । सर्लाहीको सदरमुकाम मलंगवा नगरपालिकाले



लकडाउन खुकुलो बनाउन खोलेको बजार बुधबारबाट पुनः बन्द गराएको छ । बजार खोल्दा भीडभाड बढेसँगै संत्रमणको जोखिम रहेकोले बजार बन्द गराइएको हो ।

जिल्लामा कोरोना भाइरसको संत्रमण नियन्त्रण, रोकथाम तथा उपचार कार्यहरु प्रभावकारी ढंगले छिटो, व्यवस्थित र समन्वयात्मक रुपमा गर्नका लागि जिल्ला स्तरमा गठित जिल्ला स्तरीय संरचनाको मलंगवा बसेको बैठकले निर्णय परिवर्तन गरेको हो ।

यसअघि बसेको बैठकले खाद्यान्न बिक्रीवितरण गर्ने पसल हप्ताको तीन दिन आइतवार, सोमवार र मंगलबार बिहान १० बजेदेखि बेलुका ५ बजेसम्म ,बैंक तथा वित्तीय संस्था र औषधि , पेट्रोलियम पदार्थ, दुधजन्य पदार्थ बिक्रीवितरण गर्ने प्रत्येक दिन खुला रहने साथै मलंगवा नपा वडा नं.४ को शिवसागर बजार र वडा न.२ को झण्डा बजार बेलुका ५ बजेदेखि बेलुका ७ बजेसम्म खोल्ने र ती बाहेकका पसलहरु हप्ताको तीनदिन बुधबार, बिहीबार र शुक्रबार खोल्ने निर्णय गरिएकोमा सो निर्णयलाई पुनः बदल्दै बुधबारबाट पहिला खोल्न अनुमती दिएका बैंक तथा पसल बाहेकका अन्य सबै पसलहरु पुर्ण रुपमा बन्द गर्ने निर्णय भएको नगरप्रमुख निरसल साहले जानकारी गराउनु भएको छ ।

यस निर्णय भन्दा पहिले बुधवारबाट अन्य पसलहरु खुल्ने भन्ने जानकारी पाएर खरिदारीको लागि आएका मलंगवा बाहिर दुरदराजका उपभोक्ताहरुलाई बजार बन्द भएको पाएपछि निरास हुँदै खाली हात फर्किनु परेको थियो ।

# वडा कार्यालयमा तालाबन्दी

बृजमान तामाङ

बरिन्द्रबजार(सप्तरी)।सप्तरीको शम्भुनाथ नगरपालिकाको वडा नम्बर-३ को वडा कार्यालयमा बुधबार तालाबन्दी गरिएको छ ।

वडाध्यक्ष शत्रुधन प्रसाद चौधरीले मनोमानी गरेको भन्दे स्थानीयले वडा कार्यालयमा तालाबन्दी गरेको हो ।

गणेश चौधरी नेतृत्वमा सयौंको संख्यामा गएको स्थानीयबासीले कर्मचारीहरुलाई बाहिरा निकालेर वडा कार्यालयमा तालाबन्दी गरेका थिए ।

वडाध्यक्ष चौधरीले अपारदर्शी रुपमा उपभोक्ता समिति गठन गरि बजेट दुरुपयोग गर्न खोजेको स्थानीयबासीको आरोप छ ।

वडा अध्यक्षले कमिसनको चलखेलमा आफ्ना आसेपासे र नजिककालाई राखी गोप्य रुपमा उपभोक्ता समिती गठन गरेको स्थानीयले बताएका छ्न। वडा अध्यक्षको गलत त्रियाकलाप र अनियमितता रोक्न वडा अध्यक्ष



र नगरप्रमुख योगेन्द्र प्रसाद चौधरीलाई पटक पटक ज्ञापन पत्र बुझाउदा समेत सुनाई नभएपछि ताला लगाउन बाध्य भएको स्थानीय गणेश चौधरीले बताए ।

एक साता अगाडी नगरप्रमुख चौधरीलाई माँग पूरा नभए तालाबन्दी गर्ने चेतावनी सहितको ज्ञापनपत्र स्थानीयले बुझाएका थिए ।

उनीहरुले बाटो तथा नाला निर्माण उपभोक्ता समिती पारदर्शि रुपले गठन गर्नु पर्ने , गोप्य रुपमा गठन भएका समितिहरुलाई खारेज गर्नु पर्ने, प्रधानमन्त्री स्वरोजगार कार्यक्रममा बेरोजगारी युवाहरूलाई प्राथमिकता दिनुपर्ने लगायतका माँग राखेका छ्न ।

# युवामाथि छुरा प्रहार

टुडे समाचारदाता

मलगंवा। सर्लाहीको विष्णु गाउँपालिकामा एक युवामाथि छुरा प्रहार भएको छ। जिल्लाको नेपाल भारत सिमानाकामा पर्ने विष्णु गाउँपालिका वडा न-३ स्थित मधुवनगोठमा २३ वर्षिय युवक रुपेश साह माथि अज्ञात समुहले छुरा प्रहार गरेको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी नायव उपरीक्षक मदन कुवँरले जनाए ।

प्रनाउ कुवँरका अनुसार आइतवार राति करिब १ बजेको समयमा आफ्ने घरमा सुतिरहेको अवस्थामा हतियारधारी व्यक्तिको समूहले साह माथि धारिलो छुरा प्रहार गरि गम्भीर घाइते बनाएको हो । छुरा प्रहारबाट साहको शरिरको पाँच ठाउँमा काटिएको प्रनाउ कुवरले बताए । गम्भीर घाइते साहको उपचार सर्लाहीमा सम्भव नभएपछि बीरगंज लगिएको छ ।

# सङ्क्रमितको संख्या चार हजार तीन सय ६४

काठमाण्डु । कोभिड १९ को सङ्क्रमण बुधबार २७९ जनामा देखिएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गरेको नियमित पत्रकार सम्मेलनमा मन्त्रालयका प्रवक्ता डा जागेश्वर गौतमले विभिन्न प्रयोगशालामा गरिएको परीक्षणमा पुरुष २५७ र महिला २२ जनामा सङ्क्रमण देखिएको बताउनुभयो ।

नयाँसँगै सङ्क्रमितको संख्या चार हजार ३६४ पुगेको छ । तीमध्ये पुरुष चार हजार ५५ र महिला ३०९ जना छन् ।

कोभिड १९ को सङक्रमणबाट बुधबार ९० जना निको भएका छन् । विभिन्न अस्पतालमा ८८ पुरुष र दुई महिला पूर्णरुपमा निको भएको मन्त्रालयका प्रवक्ता डा गौतमले जानकारी दिनुभयो ।

उहाँका अनुसार कोशी अस्पतालबाट एक महिला र पाँच पुरुष, सशस्त्र प्रहरीको बलम्बु अस्पतालबाट एक महिला, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट १८ पुरुष, बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानबाट एक पुरुष, कोभिड १९ अस्पताल जनकपुरबाट ३७ पुरुष, सप्तरीको महेन्द्र गेनाई आइसोलेसनबाट २० पुरुष, कोरोना अस्पताल दाङबाट सात पुरुष छन् । हालसम्म ६७४ जना डिस्चार्ज भइसकेका छन् । तीमध्ये ५९५ पुरुष र ७९ महिला छन् ।रासस

# जवरजस्तीकरणी आरोपमा युवक फक्राउ

टुडे समाचारदाता

लहान। जवरजस्तीकरणी गरेको आरोपमा सिरहा प्रहरीले एक युवकलाई पक्राउ गरेको छ । गाउँकै एक युवतीलाई जवरजस्तीकरणी गरेको आरोपमा कल्याणपुर नगरपालीका ४ महोलियाका २२ वर्षिय हैदर मियाँलाई मिर्चैया प्रहरीले पक्राउ गरेको हो ।

मियाँलाई जवरजस्ती करणी मुद्दामा जिल्ला अदालत सिरहामा दर्ता भई थप अनुसनधान गरिरहेको जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी डिएसपी विनोद घिमिरेले जनाए । घरमा सुतिरहेको अवस्थामा आइतबार राती भित्र पसि मियाँले युवतीको मुख छोपेर जवरजस्ती करणी गरेको युवतीको भनाई उदृध गर्दै प्रहरीले बताए ।

घटना आईतबारै भएपनि स्थानीयको दवावमा गाउँमै मिलाउने कोशिस भएको बताए ।

गाउँमा मिल्न दवाव परेपछि भोलीपल्ट अबेरमात्र प्रहरीले सूचना पाएको बताइएको छ ।

प्रहरीले सूचना पाउनासाथ युवकलाई नियन्त्रणमा लिई आवश्यक प्रकृया पुरा गरेको छ। प्रहरीले युवति र युवक दुवैको स्वास्थ्य परीक्षण गरिसकेको जनाए ।

# तेल टयाङकरबाट रक्सी बरामद



टुडे समाचारदाता

वीरगञ्ज । पर्सा प्रहरीले तेल ट्याङ्करमा लुकाइछिपाइ भारततर्फ लेजाँदै गरेको अवस्थामा विभिन्न ब्राण्डका रक्सी बरामद गरेको छ। विश्व महामारीका रूपमा फैलिएको कोरोना भाइरस नियन्त्रण तथा रोकथाम गर्न सरकारले लागू गरेको बन्दाबन्दीको मौका छोपी तस्करले नाख ७३७५ नंको तेलट्याङ्करमा विभिन्न ब्राण्डका रक्सी राजश्व छली चोरी निकासी गरी भारततर्फ लैजाँदै गरेको गोप्य सूचनाका आधारमा यस कार्यालयबाट खटिगएको प्रहरी टोलीले बुधबार बिहान ६:३० बजे वीरगञ्ज महानगरपालिका-१६ रजतजयन्ती चोकबाट ठूलो परिमाणमा विभिन्न ब्रण्डका रक्सी बरामद गरेको छ।

गोल्डेल ओक क्वाटर साइजको ४८ थान, नेपाल आइस बियर (क्यान) २४ थान, सिग्नेचर क्वाटर साइजको ३३ थान र ८८४८ ब्राण्डको भोड्का क्वाटर साइज २८ थानसहित प्रहरीले उक्त तेल ट्याङ्करका चालक मकवानपुरको हेटौंडा उपमहानगरपालिका-१६ का लालबहादुर थिङका छोरा ४७ वर्षीय सन्दीप थिङ र सहचालक सोही ठाउँका पदमबहादुर बुढाथोकीको छोरा वर्ष २२ राधे बुढाथोकी समेतलाई नियन्त्रणमा लिएको छ।

रक्सीसहित पक्राउ परेका दुबै जनालाई आवश्यक कानुनी कारवाहीका लागि जिल्ला प्रहरी कार्यालय पर्सामा बुझाइएको छ।

नोबेला कोरोना भाइरस (COVID-19) सामान्य रुघाखोकी भन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारको लागि औषधी पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

यसबाट बच्ने उत्तम उपायहरू :

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसंग हात धुने,
- अनावश्यकरुपमाा घर बाहिर र भिडभाडमाा नजाने,
- खोक्दा र हच्छ्युँ गर्दा नाक र मुख कुहिनोले छाप्ने,
- कुनै पनि व्यक्तिसँग तीन फिटको दुरी कायम गर्ने,
- जंगली तथा घरपालुवा पशुपन्छीसंगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने,
- सकेसम्म पशुजन्य मासु नखाने,
- ज्वरो, रुघा र खोकी तथा स्वासप्रस्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने,
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्कीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## जनकपुर टुडे मिडिया ग्रुपको अपिल

नियमति रुपमा साबुन पानी तथा अल्कोहलयुक्त हेण्ड रबले हात धुने र सेनिटाइजर प्रयोग गर्ने ।

खोक्दा, हाँचिछउँ गर्दा नाक र मुख हात, रुमाल अथवा हातको कुहिनाको भागले छोप्ने ।

रुगाखोकी, ज्वरो तथा स्वास-प्रस्वासमा समस्या आए नजिकको स्वास्थ्य संस्थामा गएर चिकित्सक संग जाँच गराउने ।

अनावश्यक रुपमा आफ्नो नाक, मुख र आँखा नछुने, छुनु परे राम्ररी हात धोएर मात्र छुने । मोबाईल फोन लगयात धेरै प्रयोग गर्ने बस्तु सफा राख्ने ।

रुगाखोकी लागेको व्यक्तिसंग दुरी कायम राख्ने, कुरा गर्नु परे १ मिटर टाढा बसेर गर्ने । अनावश्यक भिडभाडमा नजाने ।

माछा, मासु र अण्डा राम्ररी पकाएर खाने । जङ्गली तथा घरेलु पशुपंछीसँगको असुरक्षित सम्पर्कबाट जोगिने ।

जनहितमा जारी संदेश

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९०७०१, E-mail : jtodaynews@gmail.com,todayad@gmail.com, Website : www.ejanakpurtoday.com